# पिण्डालबारीः सीमावर्ती बस्तीमा सेवाको पहुँच र विकासको अवस्था

कचनकवल गाउँपालिका—१, झापा, कोशी प्रदेशः अनुसन्धानात्मक स्थलगत अध्ययन प्रतिवेदन

(रा.प. तृतीय श्रेणी वा सो सरहका अधिकृतहरूका लागि सञ्चालित व्यवस्थापन तथा विकाससम्बन्धी व्यावसायिक तालिम कार्यक्रमको स्थानीय सरकारसँग सहभागिता अन्तर्गत स्थलगत अध्ययनका आधारमा तयार गरिएको)

**प्रतिवेदन पेश गरिएको निकाय**

नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान

जावलाखेल, ललितपुर


**प्रशिक्षार्थी अधिकृतहरुः**

श्री कुमारी भट्टराई

श्री लक्ष्मी भट्टराई

श्री त्रिलोचन न्यौपाने

श्री दुर्गा गौतम


मितिः २०८३ भदौ १६

# कृतज्ञता ज्ञापन

नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, जावलाखेलद्वारा सञ्चालित ३२ कार्यदिनको व्यवस्थापन तथा विकाससम्बन्धी पेशागत तालिम कार्यक्रम (Professional Course on Management and Development) अन्तर्गत “स्थानीय सरकारसँगको संलग्नता” मोड्युलका क्रममा झापा जिल्लास्थित कचनकवल गाउँपालिकामा गई स्थलगत अध्ययन, अन्तरक्रिया तथा साक्षात्कार गर्ने अवसर प्रदान गरेकोमा प्रतिष्ठानप्रति हार्दिक आभार व्यक्त गर्दछौं।

उक्त अध्ययन भ्रमणका क्रममा हामीलाई गाउँपालिकामा स्वागत गरी हाम्रो अध्ययनलाई सहजीकरण गर्ने कार्य देखि हामीलाई आवश्यक तथ्याङ्क, प्रतिवेदन तथा अन्य सूचनाहरू उपलब्ध गराई सहजीकरण गर्नुहुने गाउँपालिका अध्यक्ष श्री कालेन्द्र प्रसाद सिंह राजवंशी, उपाध्यक्ष श्री नवराज भट्टराई, प्रमुख प्रशासकीय अधिकृत श्री स्काई पोखेल, वडा अध्यक्षज्यूहरू, कार्यपालिका सदस्यज्यूहरु लगायत अन्य शाखा प्रमुख तथा सम्पूर्ण कर्मचारीहरूप्रति विशेष आभार व्यक्त गर्दछौं।

त्यसैगरी, अध्ययन भ्रमणका क्रममा सोही गाउँपालिकामा उपस्थित भई आवश्यक मार्गदर्शन, समन्वय तथा सहयोग प्रदान गर्नुहुने PCMD-3 समूहका Co-Ordinator श्री सूर्य प्रकाश बरालप्रति विशेष कृतज्ञता व्यक्त गर्दछौं।

यसका अतिरिक्त, रा.प. तृतीय श्रेणीका अधिकृतहरूका लागि सञ्चालित यस व्यवस्थापन तथा विकाससम्बन्धी पेशागत तालिम कार्यक्रमका विभिन्न मोड्युलहरूमा विज्ञका रूपमा सहभागिता जनाई हामीलाई ज्ञान, सीप तथा दृष्टिकोण विकासमा महत्वपूर्ण योगदान पुऱ्याउनुहुने सम्पूर्ण स्रोत व्यक्तिहरूप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछौं। साथै व्यवस्थापन तथा विकाससम्बन्धी पेशागत तालिम कार्यक्रम अन्तर्गत सम्पूर्ण सहभागी सहकर्मीहरुलाई उर्जा तथा सहयोगका लागि विशेष धन्यवाद ज्ञापन व्यक्त गर्दछौं।

## कार्यकारी सारांश

पिण्डालबारी झापा जिल्लाको कचनकवल गाउँपालिका वडा नं. १ अन्तर्गत नेपाल–भारत सीमासँग जोडिएको सीमावर्ती ग्रामीण बस्ती हो। स्थानीय सरकार नागरिकको सबैभन्दा नजिकको सरकार भए पनि यस बस्तीमा आधारभूत सार्वजनिक सेवा, भौतिक पूर्वाधार तथा आर्थिक अवसरमा नागरिकको पहुँच अझै कमजोर रहेको स्थलगत अध्ययनबाट देखिएको छ। सरकारी अभिलेखमा सडक, विद्यालय, स्वास्थ्य तथा अन्य विकास कार्यक्रमको उल्लेख भए पनि नागरिकले व्यवहारमा भोगिरहेको अवस्था अपेक्षाकृत फरक र चुनौतीपूर्ण छ।

पिण्डालबारीलाई जोड्ने बिरिङ खोलामा पक्की वा झोलुङ्गे पुल नहुँदा वर्षायाममा आवतजावत अत्यन्त कठिन हुने गरेको छ। सडक तथा पुलको अभावले विद्यार्थीको निरन्तर शिक्षा, गर्भवती तथा सुत्केरी महिलाको स्वास्थ्य सेवा, आकस्मिक उपचार, सामाजिक आवागमन तथा दैनिक जीवन प्रत्यक्ष रूपमा प्रभावित भएको छ। आर्थिक रूपमा पनि बस्ती भौगोलिक पहुँचको समस्याबाट प्रभावित छ। स्थानीय कृषि उत्पादन सहज रूपमा बजारसम्म पुर्‍याउन नसक्दा किसानहरू सीमापारि बजारमा निर्भर हुनुपर्ने अवस्था छ। विद्युत् तथा सञ्चार सेवा समेत अस्थिर रहेको र वर्षायाममा लामो समय विद्युत् अवरुद्ध हुँदा यसले डिजिटल सेवा, ई–गभर्नेन्स, बैंकिङ, सूचना तथा आपत्कालीन सम्पर्कमा नागरिकको पहुँच कमजोर बनाएको छ। स्वास्थ्य क्षेत्रमा आधारभूत संरचना भए पनि नियमित स्वास्थ्यकर्मी तथा औषधिको अभाव रहेको पाईयो। कमजोर यातायातका कारण सामान्य तथा आकस्मिक बिरामीलाई बाह्य स्वास्थ्य संस्थामा लैजानसमेत कठिनाइ हुने गरेको छ। शिक्षाको क्षेत्रमा पिण्डालबारीस्थित नवदुर्गा आधारभूत विद्यालयको अवस्था पनि चिन्ताजनक देखिन्छ।

समग्रमा, पिण्डालबारीको समस्या केवल विकास पूर्वाधारको कमी नभई राज्यका सेवा–सुविधा र नागरिकको वास्तविक पहुँचबीचको दूरी हो। सीमावर्ती क्षेत्रमा यस्तो अवस्था रहँदा स्थानीय नागरिकको सामाजिक तथा आर्थिक निर्भरता छिमेकी बजारतर्फ बढ्ने जोखिम रहन्छ। त्यसैले बिरिङ खोलामा दिगो पुल निर्माण तथा सडक स्तरोन्नति, नियमित स्वास्थ्य सेवा, विद्यालयको शैक्षिक गुणस्तर सुधार, भरपर्दो विद्युत् तथा सञ्चार सेवा र स्थानीय उत्पादनका लागि बजार पहुँचलाई तत्काल प्राथमिकतामा राख्न आवश्यक छ। साथै, पिण्डालबारीलाई सीमावर्ती विशेष आवश्यकतायुक्त बस्तीका रूपमा पहिचान गरी संघ, प्रदेश र स्थानीय तहबीच समन्वयात्मक तथा एकीकृत विकास योजना कार्यान्वयन गर्नु आवश्यक देखिन्छ।

# संक्षिप्त शब्दावली

| | |
|---|---|
| कि.मि. | किलोमिटर |
| रा.प. | राजपत्रांकित |
| वि.स. | विक्रम संवत् |
| ELG | Engaging with Local Government |
| GIOMS | Government Integrated Office Management System |
| NASC | Nepal Administrative Staff College |
| PCMD | Professional Course on Management and Development |
| SWOT | Strength, Weakness, Opportunities, Threats |

# १.विषयसूची

.................................................................................................
१. परिचय ........................................................................................ 1
१.१ पृष्ठभूमी ......................................................................................... 1
१.२ उद्देश्य ........................................................................................... 2
१.३. महत्व र औचित्य .............................................................................. 2
१.४. अध्ययन विधि.................................................................................. 3
१.५. अध्ययनको सीमा............................................................................. 4
१.६. प्रतिवेदनको स्वरुप ............................................................................ 5
२. कार्यसम्पादन वातावरणको विश्लेषण ........................................................ 7
२.१ कचनकवल गाउँपालिकाको परिचय.......................................................... 7
२.१.१ ऐतिहासिक पृष्ठभूमि तथा विशेषता........................................................ 7
२.१.२ प्रशासनिक तथा राजनीतिक अवस्थिति.................................................... 8
२.१.३ भौगोलिक अवस्थिति ......................................................................... 8
२.१.४ स्थानीय विकास तथा सेवा प्रवाह ........................................................... 9
२.२ परिवर्तित संघीय शासन प्रणालीमा स्थानीय तहको भूमिका...............................10
२.३ कचनकवल गाउँपालिकाको संगठन संरचना तथा मानव स्रोत विश्लेषण.................. 11
२.४ सूचना प्रविधिको प्रयोगको अवस्था.........................................................14
२.५ कार्य वातावरण तथा कार्य संस्कृति .........................................................15
२.५.१ कार्य वातावरण ..............................................................................15
२.५.२ कार्य संस्कृति .................................................................................15
२.६ कार्यसम्पादनको अवस्था ......................................................................16
२.६.१ तोकिएको जिम्मेवारी कार्यान्वयनको अवस्था............................................16
२.६.२ निर्धारित समयसीमाको पालनाको अवस्था ...............................................16
२.६.३ कार्यदक्षता ...................................................................................17
२.६.४ प्रभावकारिता..................................................................................17
३. मामिला पहिचान तथा विश्लेषणः .............................................................18

पिण्डालबारीः सीमावर्ती बस्तीमा राज्यको पहुँच र विकासको अवस्था........................................18

३.१ विषय छनौटका आधार र औचित्य ........................................................................18

कचनकवल गाउँपालिका झापा जिल्लाको दक्षिणी तथा नेपाल–भारत सीमासँग जोडिएको स्थानीय तह हो। सीमावर्ती तथा भौगोलिक रूपमा पहुँच कठिन क्षेत्रमा राज्यका सेवा, सुविधा तथा विकासका अवसर नागरिकसम्म समान रूपमा पुग्नु स्थानीय शासनको महत्वपूर्ण चुनौती हो। यसै सन्दर्भमा कचनकवल गाउँपालिका वडा नं. १ अन्तर्गतको पिण्डालबारी बस्तीलाई अध्ययनको विषयका रूपमा छनोट गरिएको हो। गाउँपालिकाको उपलब्ध विवरणमा समेत पिण्डलवारी वडा नं. १ को प्रमुख बस्तीका रूपमा उल्लेख भएको तथा बिरिङ नदीको बाढीबाट यस क्षेत्रका नागरिक उच्च जोखिममा रहेको देखिन्छ।........................................................18

पिण्डालबारीको भौगोलिक अवस्थिति, सीमावर्ती प्रकृति र आवतजावतका पूर्वाधारसँग सम्बन्धित समस्याले शिक्षा, स्वास्थ्य, कृषि, बजार, विद्युत्, सञ्चार तथा अन्य सार्वजनिक सेवामा नागरिकको पहुँचलाई प्रत्यक्ष प्रभाव पार्ने अवस्था देखिन्छ। त्यसैले यस बस्तीको स्थलगत अध्ययनमार्फत स्थानीय सरकारबाट उपलब्ध गराइएका सेवा तथा विकास कार्यक्रम र नागरिकले व्यवहारमा अनुभव गरिरहेको सेवा पहुँचबीचको अवस्थालाई बुझ्न आवश्यक देखिएको हो।...............................................................................................18

यस विषय छनोटका प्रमुख आधार तथा औचित्यहरू निम्न छन्ः .............................................18

- भौगोलिक तथा सीमावर्ती संवेदनशीलताः पिण्डालबारी नेपाल–भारत सीमासँग जोडिएको बस्ती भएकाले यहाँ राज्यको प्रभावकारी उपस्थिति, नागरिक सुरक्षा तथा सेवा पहुँचको विषय अन्य सामान्य ग्रामीण बस्तीभन्दा बढी संवेदनशील रहेको छ। ..........................................................................18

- आधारभूत पूर्वाधारको अवस्थाः सडक तथा बिरिङ खोलामा आवतजावतका लागि पुलको अभावले बस्तीको बाह्य क्षेत्रसँगको सम्पर्क प्रभावित भएको देखिन्छ। यसले अन्य सार्वजनिक सेवा तथा आर्थिक गतिविधिमा समेत प्रत्यक्ष असर पार्ने भएकाले पूर्वाधारको अवस्था अध्ययन गर्नु आवश्यक रहेको छ। ..................18

- शिक्षामा पहुँचको समस्याः सडक तथा यातायातको कठिनाइले बालबालिकालाई आधारभूत तहपछिको अध्ययनका लागि बाहिर जान कठिन हुने अवस्था रहेको स्थानीय अनुभवबाट देखिन्छ। त्यसैले भौगोलिक पहुँच र शैक्षिक निरन्तरताबीचको सम्बन्ध पहिचान गर्न यो विषय महत्वपूर्ण छ।...........................18

- स्वास्थ्य सेवाको पहुँचः आधारभूत स्वास्थ्य केन्द्र भए पनि नियमित स्वास्थ्यकर्मी, औषधि तथा आकस्मिक स्वास्थ्य सेवामा पहुँचका समस्या रहेको स्थानीयवासीको अनुभव छ। विशेषगरी गर्भवती, सुत्केरी, वृद्धवृद्धा तथा आकस्मिक बिरामीका लागि यातायातको अवस्था महत्वपूर्ण भएकाले स्वास्थ्य सेवा पहुँचको अध्ययन आवश्यक देखिन्छ।.........................................................................................18

- स्थानीय आर्थिक गतिविधि तथा बजार पहुँचः पिण्डालबारीका नागरिक कृषि तथा अन्य स्थानीय उत्पादनमा निर्भर रहे पनि सडक तथा यातायातको कठिनाइले उत्पादनलाई सहज रूपमा बजारसम्म पुर्‍याउन समस्या हुने अवस्था रहेको छ। यसले किसानको आम्दानी, बजार पहुँच तथा स्थानीय आर्थिक गतिविधिमा प्रभाव पार्ने भएकाले आर्थिक पक्षलाई समेत अध्ययनमा समेटिएको हो। .......................................18

- राज्यको सेवा पहुँच र वास्तविक अवस्थाबीचको अन्तर पहिचानः कानुनी तथा संस्थागत रूपमा स्थानीय सरकारका सेवा नागरिकसम्म पुग्ने व्यवस्था भए पनि भौगोलिक कठिनाइका कारण व्यवहारमा सबै नागरिकले

समान रूपमा सेवा प्राप्त गर्न सकेका छन् वा छैनन् भन्ने विषय महत्वपूर्ण छ। यस अध्ययनले सेवा उपलब्धता र वास्तविक पहुँचबीचको अन्तर पहिचान गर्न सहयोग पुऱ्याउनेछ।............................................19

- स्थानीय सरकारको भूमिका तथा उत्तरदायित्व स्पष्ट गर्न: पिण्डालबारीमा देखिएका समस्या समाधान गर्न स्थानीय सरकार, वडा कार्यालय, प्रदेश तथा संघीय सरकार र अन्य सरोकारवालाको भूमिका के हुनुपर्छ भन्ने विषय पहिचान गर्न यो अध्ययन उपयोगी हुनेछ। ..............................................................19

- दिगो तथा प्राथमिकतामा आधारित विकासका लागि आधार: अध्ययनबाट प्राप्त तथ्य तथा स्थानीयवासीका अनुभवका आधारमा पिण्डालबारीमा सडक, पुल, शिक्षा, स्वास्थ्य, विद्युत्, सञ्चार तथा बजार पहुँच सुधारका लागि प्राथमिकता निर्धारण गर्न सहयोग पुग्नेछ। 19

समग्रमा, पिण्डालबारीलाई अध्ययनको विषयका रूपमा छनोट गर्नु केवल एउटा ग्रामीण बस्तीको विकास अवस्थाको अध्ययन गर्नु मात्र नभई सीमावर्ती नागरिकको राज्यसँगको पहुँच, स्थानीय सरकारको सेवा प्रवाह, पूर्वाधारको प्रभाव, सामाजिक–आर्थिक अवसर तथा स्थानीय शासनको प्रभावकारिता बुझ्ने प्रयास हो। यस अध्ययनबाट प्राप्त निष्कर्षले कचनकवल गाउँपालिकालाई पहुँच कठिन तथा सीमावर्ती बस्तीका लागि आगामी नीति, योजना तथा कार्यक्रम निर्माण गर्न व्यवहारिक पृष्ठपोषण प्रदान गर्ने अपेक्षा गरिएको छ। .............19

समस्याको पहिचान ..............................................................................................19

३.२. SWOT विश्लेषणः ............................................................................................ 22

३.२.१ आन्तरिक सकारात्मक वा सबल पक्ष (Strengths)................................................ 22

३.२.२ आन्तरिक नकारात्मक वा कमजोर पक्ष (Weaknesses)........................................ 22

३.२.३ अवसरहरू वा बाह्य सकारात्मक पक्ष (Opportunities)........................................... 22

३.२.४ खतरा वा बाह्य नकारात्मक पक्ष (Threats)........................................................ 22

३.३ मामिलाहरुको जरुरी – महत्वपूर्ण म्याट्रिक्स (Urgent- Important Matrix for the Issues)... 23

४. सुझाव तथा नीतिगत सिफारिस............................................................................ 25

४.१ संघीय सरकारका लागि सुझाव तथा सिफारिस...................................................... 25

४.२. प्रदेश सरकार (कोशी प्रदेश) लागि सुझाव तथा सिफारिस .......................................... 25

४.३ स्थानीय सरकार (कचनकवल गाउँपालिका) प्रत्यक्ष कार्यका लागि सिफारिस .................... 25

५. निष्कर्ष............................................................................................................. 26

# १. परिचय

## १.१ पृष्ठभूमी

नेपाल संघीय संरचनामा प्रवेश गरेसँगै संघ, प्रदेश र स्थानीय तीनै तहका सरकारहरूबाट सामाजिक न्याय, सुशासन, विकास तथा समृद्धिको लक्ष्य हासिल गर्दै परिवर्तनलाई संस्थागत गर्ने आवश्यकता बढेको छ। यसका लागि सार्वजनिक निकायहरूको प्रभावकारी, छरितो र उत्तरदायी व्यवस्थापन तथा गुणस्तरीय सेवा प्रवाह अपरिहार्य बनेको छ। यस्तो प्रणाली सञ्चालनका लागि स्रोतसाधन, समय र सम्बन्धको प्रभावकारी व्यवस्थापन गर्न सक्षम दक्ष, इमान्दार र जिम्मेवार जनशक्तिको आवश्यकता पर्दछ। यस सन्दर्भमा तालिम तथा पेशागत क्षमता विकास कार्यक्रमहरूले महत्वपूर्ण भूमिका निर्वाह गर्दै कर्मचारीहरूको ज्ञान, सीप, क्षमता, दृष्टिकोण र व्यवहारमा सकारात्मक परिवर्तन ल्याई संस्थागत कार्यसम्पादन सुधार गर्न सहयोग पुऱ्याउँछन्।

हाल सार्वजनिक तथा निजामती क्षेत्रमा कार्यरत कर्मचारीहरूका लागि तालिमका अवसर सीमित रहेको अवस्थामा, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानले राजपत्रांकित तृतीय श्रेणीका अधिकृत तथा सो सरहका कर्मचारीहरूका लागि व्यवस्थापन तथा विकाससम्बन्धी पेशागत तालिम कार्यक्रम (Professional Course on Management and Development — PCMD) सञ्चालन गर्दै आएको छ। उक्त तालिम कार्यक्रम चार अन्तरसम्बन्धित मोड्युलहरूमा आधारित छ, जसअन्तर्गत अन्तिम मोड्युलका रूपमा "स्थानीय सरकारसँगको संलग्नता (Engaging with Local Government: ELG)" समावेश गरिएको छ।

यस मोड्युल अन्तर्गत सहभागी प्रशिक्षार्थीहरूलाई छनोट गरिएका स्थानीय तहमा स्थलगत अध्ययनका लागि पठाइन्छ, जहाँ उनीहरूले स्थानीय सरकारका नीति, योजना तथा कार्यक्रमहरूको अध्ययन गर्नुका साथै सार्वजनिक सेवा प्रवाह, नागरिक अपेक्षा तथा सन्तुष्टिको अवस्था बुझ्ने अवसर प्राप्त गर्छन्। यस मोड्युलको मुख्य उद्देश्य स्थानीय तहमा भइरहेको सेवा प्रवाह, असल अभ्यास तथा विद्यमान समस्या र चुनौतीहरूको पहिचान र विश्लेषणमार्फत प्रशिक्षार्थीहरूको विश्लेषणात्मक क्षमता विकास गर्नु हो। यसले सिकाइलाई व्यावहारिक अनुभवमा आधारित बनाउँदै क्षमता अभिवृद्धिमा योगदान पुऱ्याउँछ। साथै, स्थानीय तहका समस्या, चुनौती र अवसरहरूको अध्ययनमार्फत प्रशिक्षार्थीहरूको विश्लेषण क्षमता, व्यावहारिक सीप, सृजनशीलता, संवाद तथा समन्वय क्षमतामा वृद्धि हुने अपेक्षा गरिएको छ।

ELG मोड्युल पूर्ण रूपमा क्षेत्रगत (field-based) व्यावहारिक सिकाइ वातावरणका रूपमा डिजाइन गरिएको हुँदा यसको प्रभावकारिता सहभागीहरूको सक्रिय सहभागिता, प्रतिबद्धता र इमानदार प्रयासमा निर्भर रहन्छ। यस अन्तर्गत सहभागीहरूले स्थानीय सरकारसँग सम्बन्धित सरोकारवाला निकायहरूसँग अन्तरक्रिया गर्ने, स्थलगत अवलोकन गर्ने, तथ्य तथा सूचना संकलन गर्ने र तिनको विश्लेषणमार्फत सफल अभ्यास तथा विद्यमान समस्या र चुनौतीहरूको पहिचान गरी तिनका सम्भावित समाधानहरू प्रस्तुत गर्ने अभ्यास गर्दछन्।

यसै सन्दर्भमा, PCMD तालिम कार्यक्रमअन्तर्गत ELG मोड्युलको व्यावहारिक सिकाइका लागि कचनकवल गाउँपालिकामा गरिएको स्थलगत अध्ययनका आधारमा यो प्रतिवेदन तयार गरिएको हो। अध्ययनमा "पिण्डालबारी: सीमावर्ती बस्तीमा राज्यको पहुँच र विकासको अवस्था" विषयमा वर्तमान अवस्था, कार्यसम्पादन,

विद्यमान समस्या, चुनौती तथा सुधारका सम्भावनाहरूलाई केन्द्रमा राखी विश्लेषण गरिएको छ। यस अध्ययनले सहभागीहरूलाई तालिमका उद्देश्यअनुसार व्यवहारिक ज्ञान, अनुभव तथा विश्लेषणात्मक सीप अभिवृद्धि गर्न सहयोग पुऱ्याएको छ भने स्थानीय सरकारलाई प्रभावकारी कार्यान्वयनका लागि आवश्यक तथ्यगत आधार तथा सुधारात्मक सुझावहरू प्रदान गर्ने अपेक्षा गरिएको छ।

## १.२ उद्देश्य

यस तालिम अन्तर्गतको ELG मोड्युलको मुख्य उद्देश्य सहभागीहरूलाई स्थानीय सरकारको वास्तविक कार्यक्षेत्रमा प्रत्यक्ष संलग्न गराई स्थानीय तहले सामना गरिरहेका प्रमुख समस्या, चुनौती र अवसरहरूको पहिचान तथा विश्लेषण गर्ने क्षमता विकास गर्नु हो। यस अध्ययन प्रतिवेदनमा कचनकवल गाउँपालिकाको वडा नं १ मा अवस्थित पिण्डालबारी बस्तीमा राज्यको पहुँच र विकासको अवस्थालाई अध्ययनको विषयवस्तुका रूपमा चयन गरिएको छ।

- सीमावर्ती तथा भौगोलिक रूपमा कठिन बस्ती पिण्डालबारी गाउँको शिक्षा, स्वास्थ्य र पूर्वाधार अवस्थाको अध्ययन गरी विद्यमान समस्या तथा चुनौतीहरूको पहिचान गर्नु।

- पिण्डालबारीको विकास, राज्यको सेवा पहुँच विस्तार र स्थानीय नागरिकको जीवनस्तर सुधारका लागि स्थानीय सरकार तथा सरोकारवालाको भूमिका पहिचान गरी व्यवहारिक सुधारका उपायहरु सिफारिस गर्नु।

## १.३. महत्व र औचित्य

संघीय शासन प्रणाली लागू भएपछि स्थानीय तहहरू नागरिकको सबैभन्दा नजिकको सरकारका रूपमा स्थापित भएका छन्। स्थानीय सरकारको प्रमुख जिम्मेवारीमध्ये नागरिकलाई सहज, गुणस्तरीय र पहुँचयोग्य सार्वजनिक सेवा उपलब्ध गराउनु, स्थानीय पूर्वाधारको विकास गर्नु तथा स्थानीय सामाजिक र आर्थिक विकासलाई प्रवर्द्धन गर्नु रहेको छ। यस सन्दर्भमा भौगोलिक रूपमा पहुँच कठिन तथा नेपाल—भारत सीमासँग जोडिएको पिण्डालबारी जस्तो बस्तीमा राज्यका आधारभूत सेवा तथा विकासको वास्तविक पहुँचको अध्ययन गर्नु महत्वपूर्ण र सान्दर्भिक देखिन्छ।

पिण्डालबारीमा शिक्षा, स्वास्थ्य, सडक तथा पुललगायतका आधारभूत पूर्वाधार र सेवाको अवस्था अध्ययन गर्दा स्थानीय नागरिकले भोगिरहेका वास्तविक समस्या तथा चुनौती पहिचान गर्न सहयोग पुग्छ। विशेषगरी सडक तथा पुलको अभावले शिक्षा, स्वास्थ्य सेवा, कृषि उत्पादनको बजारीकरण, सामाजिक आवागमन तथा अन्य आधारभूत सेवामा पहुँचलाई प्रत्यक्ष रूपमा प्रभावित गरेको अवस्था बुझ्न अध्ययन आवश्यक छ। यसले सरकारी योजना तथा अभिलेखमा देखिएको विकास अवस्था र नागरिकले व्यवहारमा अनुभूति गरेको सेवा तथा पूर्वाधारको अवस्थाबीचको अन्तर पहिचान गर्नसमेत सहयोग पुऱ्याउँछ।

त्यसैगरी, सीमावर्ती तथा पहुँच कठिन बस्तीको दिगो विकासका लागि स्थानीय सरकार, प्रदेश तथा संघीय सरकार, स्थानीय समुदाय र अन्य सरोकारवालाको भूमिका तथा जिम्मेवारी पहिचान गर्नु यस अध्ययनको अर्को महत्वपूर्ण पक्ष हो। अध्ययनबाट प्राप्त तथ्य तथा स्थानीय नागरिकका अनुभवका आधारमा राज्यको सेवा पहुँच

विस्तार, पूर्वाधार विकास र नागरिकको जीवनस्तर सुधारका लागि व्यवहारिक तथा कार्यान्वयनयोग्य उपायहरू सिफारिस गर्न सकिने अपेक्षा गरिएको छ।

PCMD तालिमअन्तर्गतको ELG मोड्युलको उद्देश्यअनुरूप गरिएको यस अध्ययनले सहभागीहरूलाई स्थानीय सरकारको वास्तविक कार्यक्षेत्रमा प्रत्यक्ष संलग्न भई समस्या पहिचान, तथ्य संकलन, विश्लेषण तथा समाधानका उपाय खोज्ने व्यवहारिक क्षमता विकास गर्नसमेत सहयोग पुऱ्याउँछ। साथै, अध्ययनबाट प्राप्त निष्कर्षहरू कचनकवल गाउँपालिकाका अन्य सीमावर्ती तथा पहुँच कठिन बस्तीको नीति, योजना तथा कार्यक्रम निर्माणका लागि समेत उपयोगी सिकाइका रूपमा प्रयोग गर्न सकिने सम्भावना रहेको छ।

समग्रमा, यस अध्ययनलाई निम्न आधारमा महत्वपूर्ण र औचित्यपूर्ण मान्न सकिन्छः

१. पिण्डालबारी बस्तीको शिक्षा, स्वास्थ्य तथा आधारभूत पूर्वाधारको वास्तविक अवस्था पहिचान गर्न।

२. सीमावर्ती तथा भौगोलिक रूपमा पहुँच कठिन बस्तीका नागरिकले भोगिरहेका प्रमुख समस्या तथा चुनौतीहरू पहिचान र विश्लेषण गर्न।

३. राज्यका सेवा तथा विकास पूर्वाधारको पहुँचमा रहेको विद्यमान अन्तर पहिचान गरी सुधारका प्राथमिकता निर्धारण गर्न।

४. पिण्डालबारीको दिगो विकास तथा नागरिकको जीवनस्तर सुधारका लागि स्थानीय सरकार र सरोकारवालाको भूमिका तथा जिम्मेवारी स्पष्ट गर्न।

५. राज्यको सेवा पहुँच विस्तार र स्थानीय विकासलाई प्रभावकारी बनाउन व्यवहारिक तथा तथ्यमा आधारित सुधारका उपाय र सिफारिस प्रस्तुत गर्न।

६. स्थानीय सरकारलाई आगामी नीति, योजना, बजेट तथा विकास कार्यक्रम तर्जुमा गर्न आवश्यक पृष्ठपोषण प्रदान गर्न।

## १.४. अध्ययन विधि

यस अध्ययनको उद्देश्य प्राप्तिका लागि प्राथमिक तथा द्वितीयक दुवै स्रोतहरूको प्रयोग गरिएको छ। अध्ययनलाई विश्वसनीय र वस्तुगत बनाउन देहायअनुसारका विधिहरू अवलम्बन गरिएको छः

**भेटघाट, सोधपुछ, अन्तर्वार्ता, छलफल तथा अन्तरक्रिया विधिः**

यस विधिअन्तर्गत कचनकवल गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्षहरू, प्रमुख प्रशासकीय अधिकृत, सम्बन्धित शाखा प्रमुखहरू (शिक्षा, स्वास्थ्य, योजना तथा सूचना प्रविधि शाखा), महिला तथा बालबालिका सम्बन्धी कार्यमा संलग्न कर्मचारीहरू, साथै स्थानीय जनप्रतिनिधिहरू र सेवाग्राही समुदायसँग प्रत्यक्ष संवाद, अन्तर्वार्ता, सोधपुछ तथा छलफल गरिएको थियो।

अन्तर्वार्ता तथा छलफलका क्रममा मुख्य रूपमा निम्न विषयहरू समेटिएका थिएः

- शिक्षा, स्वास्थ्य र पूर्वाधार विकासमा स्थानीय तहको भूमिका

- शिक्षा, स्वास्थ्य र पूर्वाधार विकास सम्बन्धी नीति, योजना र कार्यक्रम
- शिक्षा, स्वास्थ्य र पूर्वाधार विकास सम्बन्धी कार्यान्वयनको अवस्था
- सेवाप्रति नागरिकको अपेक्षा र सन्तुष्टि
- शिक्षा, स्वास्थ्य र पूर्वाधार विकाससँग सम्बन्धित समस्या र चुनौतीहरू
- सुधार तथा सुदृढीकरणका सम्भावित उपायहरू

**स्थलगत अवलोकन विधिः**

अध्ययन टोलीले पिण्डालबारीमा स्थलगत भ्रमण गरी स्थानीय अवस्था प्रत्यक्ष अवलोकन गरेको थियो। सडकको अवस्था, बिरिङ खोलाको पार गर्ने स्थान, आवतजावतको कठिनाइ, बस्तीको भौगोलिक संवेदनशीलता र सार्वजनिक सेवासम्मको पहुँचको अवस्थालाई प्रत्यक्ष रूपमा हेरिएको थियो। विशेष रूपमा बिरिङ खोला पार गर्ने क्रममा अध्ययन टोलीले भोगेको कठिनाइ यस अध्ययनको महत्वपूर्ण प्रत्यक्ष प्रमाण हो। पानी कम्मरभन्दा माथि आउने अवस्थामा स्थानीय साथीहरूको सहयोगमा खोला पार गर्नुपरेको अनुभवले दस्तावेजमा उल्लेख हुने "पुलको अभाव" लाई व्यवहारमा कस्तो समस्या हो भन्ने प्रत्यक्ष देखाएको छ।

**साहित्य समीक्षा**

यस अध्ययनको क्रममा देहाय बमोजिम द्वितीय स्रोतहरूको पनि अध्ययन गरिएको छ।

कचनकवल गाउँपालिकाको पार्श्वचित्र, गाउँपालिकाका योजना तथा बजेटसम्बन्धी दस्तावेज, हालका सार्वजनिक खरिद सम्बन्धी सूचना, राष्ट्रिय तथ्याङ्क कार्यालयका सामग्री र जिल्ला प्रशासन कार्यालय झापाका आधिकारिक विवरणलाई सन्दर्भका रूपमा प्रयोग गरिएको छ।

कचनकवल गाउँपालिकाको आर्थिक वर्ष २०८२।०८३ को वार्षिक नीति, कार्यक्रम तथा बजेट, नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन तथा अन्य सम्बन्धित कानुनहरू अध्ययन गरिएको छ। साथै, संघीय तथा प्रदेश सरकारका निर्देशन, सेवामैत्री स्थानीय तहसँग सम्बन्धित मन्त्रालयका प्रकाशन, राष्ट्रिय तथ्याङ्क कार्यालयका प्रतिवेदन, तथा गाउँपालिकाको आधिकारिक वेबसाइट तथा अन्य प्रकाशित सामग्रीहरू समेत प्रयोग गरिएको छ। उपर्युक्त प्राथमिक तथा द्वितीय स्रोतबाट प्राप्त सूचना, तथ्याङ्क तथा जानकारीहरूको विश्लेषणका आधारमा यो अध्ययन प्रतिवेदन तयार गरिएको हो।

## १.५. अध्ययनको सीमा

- यस अध्ययनका निश्चित सीमा तथा परिधिहरू रहेका छन्, जसले यसको दायरा र व्याख्यालाई सीमित गरेको छ। ती सीमाहरू निम्नानुसार रहेका छन्:
- अध्ययनको भौगोलिक क्षेत्र कचनकवल गाउँपालिका वडा नं १ मा अवस्थित पिण्डालबारी गाउँ भित्र मात्र सीमित रहेको छ, जसका कारण अन्य स्थानीय तहको अवस्थासँग प्रत्यक्ष तुलना गरिएको छैन।
- अध्ययन मुख्य रूपमा पिण्डालबारीको विकासको अवस्था र सेवाको पहुँचसँग सम्बन्धित कार्यक्रम, सेवा प्रवाह तथा कार्यान्वयन पक्षमा मात्र केन्द्रित गरिएको छ।

- सीमित समयावधि, स्रोतसाधन तथा पहुँचका कारण अध्ययन अपेक्षाकृत गहिरो र विस्तृत रूपमा गर्न सम्भव भएको छैन।
- प्रतिवेदन तयार गर्ने क्रममा मुख्यतः प्राथमिक (साक्षात्कार, छलफल, अवलोकन) तथा द्वितीय (कागजात, प्रतिवेदन, वेबसाइट) स्रोतहरूमा मात्र आधारित रहनु परेको छ।
- तथ्याङ्क तथा सूचनाको उपलब्धता तथा समय सीमितताका कारण केही पक्षहरूको विस्तृत विश्लेषण गर्न कठिनाइ रहेको छ।
- यो प्रतिवेदन नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानद्वारा सञ्चालित PCMD कार्यक्रमअन्तर्गत "Engaging with Local Government" मोड्युलको सिकाइ प्रयोजनका लागि तयार गरिएको स्थलगत अध्ययन प्रतिवेदन मात्र हो, जसको उद्देश्य शैक्षिक सिकाइ तथा विश्लेषणात्मक क्षमता विकासमा केन्द्रित रहेको छ।

## १.६. प्रतिवेदनको स्वरुप

यो प्रतिवेदन मुख्यतया चार परिच्छेदमा विभाजन गरिएको छ। पहिलो परिच्छेदमा अध्ययनको परिचय समेटिएको छ, जसअन्तर्गत अध्ययनको पृष्ठभूमि, उद्देश्य, महत्व र औचित्य, अध्ययन विधि तथा अध्ययनको सीमा सम्बन्धी विस्तृत जानकारी प्रस्तुत गरिएको छ। दोस्रो परिच्छेदमा कार्य वातावरणको विश्लेषण गरिएको छ। यस खण्डमा कचनकवल गाउँपालिकाको परिचय, संघीय शासन प्रणालीमा स्थानीय तहको भूमिका, संगठन संरचना तथा मानवश्रोत विश्लेषण, सूचना प्रविधिको प्रयोगको अवस्था, कार्य वातावरण र कार्य संस्कृति तथा कार्यसम्पादनको अवस्थाबारे विस्तृत रूपमा चर्चा गरिएको छ। तेस्रो तथा महत्वपूर्ण परिच्छेदमा मामिला पहिचान र विश्लेषण गरिएको छ। यस अन्तर्गत "पिण्डालबारीः सीमावर्ती बस्तीमा राज्यको पहुँच र विकासको अवस्था" विषयका रूपमा छनौट गरिएको छ। सो विषय छनौट गर्नुको आधार र औचित्य, स्थानीय शासनको अवधारणा तथा आवश्यकता, शिक्षा, स्वास्थ्य र पूर्वाधार सम्बन्धी नीति तथा कार्यक्रमहरू, Eisenhower को Urgent–Important Matrix को प्रयोग तथा समस्या समाधानका लागि योजना समावेश गरिएको छ। चौथो तथा अन्तिम परिच्छेदमा समग्र अनुभूति र सिकाइ प्रस्तुत गरिएको छ। यस खण्डमा अध्ययनको सारांश, समग्र अनुभूति, प्राप्त सिकाइ, निष्कर्ष तथा सुझावहरू समेटिएका छन्। साथै सन्दर्भ सामग्री र आवश्यक अनुसूचीहरू पनि समावेश गरिएका छन्।

झापाको दक्षिणी भू-भागमा पर्ने कचनकवल गाउँपालिका भौगोलिक, सामाजिक र आर्थिक दृष्टिले विशिष्ट स्थानीय तह हो। भारतसँग जोडिएको सीमा, कृषि उत्पादनमा निर्भर ग्रामीण जीवन, विभिन्न जातजाति र समुदायको बसोबास, वैदेशिक तथा बाह्य रोजगारीमा जाने प्रवृत्ति र नदीजन्य बाढीको जोखिमले यहाँको सामाजिक जीवनलाई अरू धेरै ग्रामीण क्षेत्रभन्दा केही फरक बनाएको छ।

कचनकवल गाउँपालिका-१ को पिण्डालबारी पनि यही परिवेशभित्र रहेको बस्ती हो। बाहिरबाट हेर्दा यो एउटा सामान्य कृषि गाउँजस्तो देखिए पनि गाउँको दैनिक जीवनभित्र पस्दा यहाँका मानिसले सामना गरिरहेका समस्या र अवसर दुवै तहगत र परस्पर जोडिएका देखिन्छन्। खेतमा उत्पादन हुने अन्न, भारततर्फ जाने श्रम,

विदेशबाट आउने पैसा, स्थानीय सरकारबाट आउने योजना, वर्षायाममा नदी बढ्दा हुने जोखिम र विद्यालयमा पढ्ने बालबालिकाको भविष्य सबैलाई छुट्टाछुट्टै विषय मानेर पिण्डालबारीलाई बुझ्न सकिँदैन।

पिण्डालबारीको अध्ययन त्यसैले केवल "गाउँको अवस्था कस्तो छ?" भन्ने प्रश्नमा सीमित हुनु हुँदैन। यहाँको जमिन कसको हातमा छ, मानिसको मुख्य आम्दानी कहाँबाट आउँछ, युवाहरू किन बाहिरिन्छन्, महिलाको श्रम र निर्णय क्षमता कस्तो छ, स्थानीय सरकारका योजना कसरी छनोट हुन्छन्, बाढीले कसलाई बढी असर गर्छ र गाउँमा उपलब्ध स्रोतलाई स्थानीय समृद्धिमा कसरी बदल्न सकिन्छ भन्ने प्रश्नसँगै यसको अध्ययन गर्नुपर्छ।

कचनकवल गाउँपालिकाको आधिकारिक प्रोफाइलमा वडा नं. १ अन्तर्गत पिण्डलवारीसहित कुटी, नेमू, चमरागढिया र कल्याङ्गजलाई प्रमुख बस्तीका रूपमा उल्लेख गरिएको छ। उक्त प्रोफाइलमा वडा नं. १ को जनसंख्या ७,५९६ उल्लेख गरिएको थियो। यो तथ्यांक पुरानो भएकाले वर्तमान अवस्थाको जनसांख्यिक चित्रका लागि यसलाई आधारभूत ऐतिहासिक तथ्यका रूपमा मात्र लिनुपर्छ।

राष्ट्रिय जनगणना २०७८ अनुसार कचनकवल गाउँपालिकाको कुल जनसंख्या ४१,३१७ रहेको छ। यसमध्ये पुरुष १९,५५७ र महिला २१,७६० छन्। गाउँपालिकाको पछिल्लो कृषि-सम्बन्धी सरकारी प्रकाशनमा ९,९४६ घरपरिवार रहेको तथ्य पनि उल्लेख छ।

पिण्डालबारीलाई बुझ्नुपर्ने अर्को महत्वपूर्ण पक्ष बाढी हो। गाउँपालिकाको अभिलेखमा बिरिङ नदीको बाढीबाट उच्च जोखिममा रहेका पिण्डलवारीका १४८ घरधुरी पहिचान गरिएको छ। यसले बाढी यहाँ वर्षायाममा आउने अस्थायी समस्या मात्र नभई बस्ती विकास, कृषि, घर निर्माण, पूर्वाधार र विपद् व्यवस्थापनसँग जोडिएको दीर्घकालीन विषय भएको देखाउँछ।

यसरी हेर्दा पिण्डालबारीको वर्तमान अवस्था कृषि, रोजगारी, बसाइँसराइ, सीमा, स्थानीय राजनीति र वातावरणीय जोखिमको संयुक्त प्रभावबाट बनेको छ।

# २. कार्यसम्पादन वातावरणको विश्लेषण

## २.१ कचनकवल गाउँपालिकाको परिचय

### २.१.१ ऐतिहासिक पृष्ठभूमि तथा विशेषता

कचनकवल गाउँपालिका झापा जिल्लाको दक्षिणी क्षेत्रमा अवस्थित नेपाल–भारत सीमासँग जोडिएको स्थानीय तह हो। नेपालमा संघीय शासन प्रणाली कार्यान्वयन गर्ने क्रममा स्थानीय तहको पुनर्सरचना भएपछि साविकका घेराबारी, पथरिया, केचना, पाठामारी, बनियानी र बालुबाडी गाउँ विकास समितिहरूलाई समेटेर वि.सं. २०७३ सालमा कचनकवल गाउँपालिका गठन भएको हो। गाउँपालिका हाल विभिन्न ७ वटा वडामा विभाजन भई स्थानीय शासन, सेवा प्रवाह तथा विकास निर्माणका कार्य सञ्चालन गर्दै आएको छ।

कचनकवल गाउँपालिकाको नामकरण यस क्षेत्रमा अवस्थित नेपालकै होचो स्थानका रूपमा परिचित "केचना" बाट गरिएको गाउँपालिकाको आधिकारिक प्रोफाइलमा उल्लेख गरिएको छ। यस कारण कचनकवल क्षेत्रले भौगोलिक तथा पर्यटकीय दृष्टिले समेत विशेष पहिचान बनाएको छ। गाउँपालिकाको पूर्व तथा दक्षिणी भूभाग भारतसँग जोडिएको हुँदा यसको भौगोलिक अवस्थिति सीमावर्ती क्षेत्रको दृष्टिले महत्वपूर्ण रहेको छ।

कचनकवल गाउँपालिका प्राकृतिक, सामाजिक, सांस्कृतिक तथा आर्थिक विविधताले सम्पन्न क्षेत्र हो। यहाँ विभिन्न जातजाति, भाषा, धर्म तथा संस्कृतिका समुदायहरूको बसोबास रहेको पाइन्छ। राजवंशी, गन्गाई, लिम्बू, दलितलगायत विभिन्न समुदायको सामाजिक तथा सांस्कृतिक उपस्थिति यस क्षेत्रको प्रमुख विशेषता हो। कृषि तथा पशुपालन स्थानीय अर्थतन्त्रका महत्वपूर्ण आधार हुन् भने व्यापार, रोजगारी तथा अन्य व्यवसायसमेत स्थानीय आयआर्जनका स्रोतका रूपमा रहेका छन्।

गाउँपालिकाको अर्को महत्वपूर्ण विशेषता यसको सीमावर्ती अवस्थिति हो। भारतसँग प्रत्यक्ष सीमा जोडिएका कारण यहाँका नागरिकको सामाजिक, आर्थिक तथा सांस्कृतिक सम्बन्ध सीमापारिका क्षेत्रसँग समेत रहेको पाइन्छ। यस अवस्थाले स्थानीय बजार, रोजगारी, कृषि उत्पादनको बजारीकरण तथा दैनिक आवतजावतमा प्रभाव पार्ने गरेको छ। साथै, सीमावर्ती नागरिकलाई राज्यका आधारभूत सेवा तथा सुविधामा सहज पहुँच सुनिश्चित गर्नु स्थानीय सरकारको महत्वपूर्ण जिम्मेवारीका रूपमा रहेको छ।

वडा नं. १ अन्तर्गत पर्ने पिण्डालबारी पनि गाउँपालिकाको सीमावर्ती ग्रामीण बस्तीमध्ये एक हो। यस बस्तीको भौगोलिक अवस्थिति, सडक तथा पुलको अवस्था, शिक्षा, स्वास्थ्य, विद्युत्, सञ्चार तथा बजार पहुँचका समस्याहरूले कचनकवल गाउँपालिकाको सीमावर्ती क्षेत्रको समग्र विकास चुनौतीलाई प्रतिनिधित्व गर्दछ। त्यसैले पिण्डालबारीको अध्ययन स्थानीय तहको सेवा प्रवाह, विकासको अवस्था तथा सीमावर्ती नागरिकको राज्यसँगको पहुँच बुझ्नका लागि महत्वपूर्ण रहेको छ।

समग्रमा, कचनकवल गाउँपालिकाको सीमावर्ती भौगोलिक अवस्थिति, नेपालकै होचो भूभागसँग जोडिएको पहिचान, बहुजातीय तथा बहुसांस्कृतिक सामाजिक संरचना, कृषि आधारित अर्थतन्त्र र विकासका विविध

सम्भावना यसका प्रमुख विशेषता हुन्। यी विशेषतालाई ध्यानमा राखी स्थानीय आवश्यकतामा आधारित, समावेशी तथा दिगो विकासको नीति अवलम्बन गर्नु गाउँपालिकाको प्रमुख आवश्यकता देखिन्छ।

### २.१.२ प्रशासनिक तथा राजनीतिक अवस्थिति

नेपालको संविधान, २०७२ ले स्थानीय तहलाई राज्यको शासन संरचनाको महत्वपूर्ण अंगका रूपमा स्थापित गरेको छ। सोही संवैधानिक व्यवस्था तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम कचनकवल गाउँपालिकाले स्थानीय सरकारका रूपमा आफ्नो क्षेत्रभित्र स्थानीय कानून निर्माण, नीति तथा योजना तर्जुमा, बजेट व्यवस्थापन, आधारभूत सेवा प्रवाह, पूर्वाधार विकास तथा स्थानीय विकाससम्बन्धी कार्यहरू सञ्चालन गर्दै आएको छ।

गाउँपालिकाको राजनीतिक नेतृत्व गाउँपालिका अध्यक्ष तथा उपाध्यक्षबाट हुने गर्दछ भने प्रशासनिक नेतृत्व प्रमुख प्रशासकीय अधिकृतबाट हुने व्यवस्था रहेको छ। गाउँ कार्यपालिका, वडा समिति तथा विषयगत शाखाहरूले गाउँपालिकाका विभिन्न कार्यहरू सञ्चालन तथा सेवा प्रवाहमा भूमिका निर्वाह गर्दछन्।


कचनकवल गाउँपालिकालाई विभिन्न ७ वटा वडामा विभाजन गरिएको छ र वडा नं. १ अन्तर्गत पिण्डालबारीलगायत विभिन्न ग्रामीण तथा सीमावर्ती बस्तीहरू रहेका छन्। वडा कार्यालय स्थानीय नागरिकसँग प्रत्यक्ष सम्पर्कमा रहने निकायका रूपमा कार्य गर्दै जन्मदर्ता, विवाहदर्ता, सामाजिक सुरक्षा, सिफारिस, प्रमाणिकरण, योजना कार्यान्वयन तथा अन्य स्थानीय सेवाहरू प्रदान गर्ने गर्दछ।

### २.१.३ भौगोलिक अवस्थिति

कचनकवल गाउँपालिका झापा जिल्लाको दक्षिणी क्षेत्रमा अवस्थित छ। यसको पूर्व तथा दक्षिणतर्फ भारतसँग सीमा जोडिएको छ भने पश्चिमतर्फ बाह्रदशी गाउँपालिका तथा उत्तरतर्फ हल्दिबारी गाउँपालिका र भद्रपुर नगरपालिका रहेका छन्। यस अवस्थिति कारण गाउँपालिकाको ठूलो हिस्सा सीमावर्ती क्षेत्रसँग प्रत्यक्ष रूपमा जोडिएको छ।कचनकवल गाउँपालिका झापा जिल्लाको दक्षिणी क्षेत्रमा करिब २६°२३′ उत्तरी अक्षांश र ८८°१०′ पूर्वी देशान्तरको आसपास अवस्थित रहेको छ।

गाउँपालिकाको भू—भाग मुख्यतः तराई क्षेत्रमा पर्ने भएकाले यहाँको भौगोलिक स्वरूप समथर रहेको छ। कृषि तथा ग्रामीण बस्तीका लागि उपयुक्त भए तापनि वर्षायाममा पानी जम्ने, खोलानाला तथा सडक पूर्वाधारमा क्षति पुग्ने र कतिपय सीमावर्ती बस्तीमा आवतजावत कठिन हुने समस्या देखिन्छ।

वडा नं. १ अन्तर्गत पर्ने पिण्डालबारी गाउँ गाउँपालिकाको सीमावर्ती तथा भौगोलिक रूपमा पहुँच कठिन बस्तीका रूपमा रहेको छ। विशेषगरी बिरिङ खोलामा पर्याप्त आवतजावत पूर्वाधारको अभावका कारण वर्षायाममा बस्तीको बाह्य क्षेत्रसँगको सम्पर्क प्रभावित हुने गरेको छ। यस अवस्थाले शिक्षा, स्वास्थ्य, कृषि, बजार तथा अन्य सार्वजनिक सेवामा नागरिकको पहुँचमा प्रत्यक्ष प्रभाव पारिरहेको देखिन्छ।




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० /१:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

चित्र २.१: कचनकचल गाउँपालिकाको नक्सा

### २.१.४ स्थानीय विकास तथा सेवा प्रवाह

कचनकवल गाउँपालिकाले स्थानीय आवश्यकता र उपलब्ध स्रोतका आधारमा शिक्षा, स्वास्थ्य, सडक, खानेपानी, कृषि, सामाजिक सुरक्षा, विद्युत्, सरसफाइ तथा अन्य क्षेत्रमा विकास तथा सेवा प्रवाहका कार्यक्रम सञ्चालन गर्दै आएको छ। वडा कार्यालयमार्फत नागरिकलाई विभिन्न प्रशासनिक तथा सिफारिससम्बन्धी सेवाहरू उपलब्ध गराइन्छ।

गाउँपालिकाबाट प्रवाह हुने प्रमुख सेवाहरूमा व्यक्तिगत घटना दर्ता, सामाजिक सुरक्षा, विभिन्न सिफारिस तथा प्रमाणिकरण, राजस्व संकलन, योजना सम्झौता तथा कार्यान्वयन, उपभोक्ता समिति गठन, स्वास्थ्य सेवा, शिक्षा तथा सामाजिक विकाससम्बन्धी कार्यक्रमहरू पर्दछन्।

तर गाउँपालिकाको समग्र सेवा प्रवाहको अवस्था हेर्दा भौगोलिक अवस्थिति र पूर्वाधारको अवस्थाले सेवा पहुँचमा असमानता सिर्जना गरेको देखिन्छ। विशेषगरी पिण्डालबारीजस्ता सीमावर्ती तथा पहुँच कठिन बस्तीमा सडक तथा पुलको अभावले नागरिकलाई अन्य सेवा प्राप्त गर्नसमेत कठिनाइ हुने गरेको छ। यसबाट स्थानीय विकासको मुख्य चुनौती केवल सेवा उपलब्ध गराउनु नभई ती सेवा सबै नागरिकको सहज पहुँचमा पुऱ्याउनु रहेको देखिन्छ।

## २.२ परिवर्तित संघीय शासन प्रणालीमा स्थानीय तहको भूमिका

नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको शासन संरचना स्थापना गरेको छ। स्थानीय तहलाई संविधानको अनुसूची ८ तथा ९ मा उल्लेखित अधिकार तथा जिम्मेवारी प्रदान गरिएको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहको कार्यसम्पादन, सेवा प्रवाह, योजना निर्माण, वित्तीय व्यवस्थापन तथा स्थानीय शासन सञ्चालनलाई थप संस्थागत गरेको छ।

संघीय शासन प्रणालीमा स्थानीय तहको मुख्य भूमिका नागरिकसँग प्रत्यक्ष सम्पर्कमा रही उनीहरूको आवश्यकता पहिचान गर्ने, स्थानीय नीति तथा योजना निर्माण गर्ने, बजेट परिचालन गर्ने, आधारभूत सेवा प्रवाह गर्ने तथा स्थानीय विकास निर्माणका कार्य सञ्चालन गर्ने हो। स्थानीय तहले स्थानीय आवश्यकता र प्राथमिकताका आधारमा योजना निर्माण गर्न सक्ने भएकाले यसले जनसहभागितामूलक र उत्तरदायी शासन प्रणाली विकास गर्न महत्वपूर्ण योगदान पुऱ्याउँछ।

कचनकवल गाउँपालिकाको सन्दर्भमा स्थानीय तहको भूमिका अझ महत्वपूर्ण देखिन्छ। सीमावर्ती क्षेत्रका नागरिकलाई राज्यको मूलप्रवाहसँग जोड्ने, आधारभूत सेवा सहज बनाउने, स्थानीय पूर्वाधार निर्माण गर्ने, कृषि तथा स्थानीय आर्थिक गतिविधिलाई प्रवर्द्धन गर्ने तथा सीमावर्ती बस्तीमा नागरिकको सुरक्षा र अपनत्वको भावना सुदृढ गर्ने जिम्मेवारी स्थानीय सरकारको महत्वपूर्ण पक्ष हो।

### कचनकवल गाउँपालिकाको भूमिका

कचनकवल गाउँपालिकाले संघीय शासन प्रणालीअनुसार स्थानीय विकास तथा सेवा प्रवाहमा निम्न प्रमुख भूमिका निर्वाह गर्दै आएको छः

| सि.नं. | भूमिका |
|---|---|
| १ | शिक्षा तथा शैक्षिक पूर्वाधारको विकास र व्यवस्थापन। |
| २ | आधारभूत स्वास्थ्य सेवा तथा स्वास्थ्य संस्थाको व्यवस्थापन। |
| ३ | सडक, पुल, नाला, खानेपानी तथा अन्य स्थानीय पूर्वाधारको विकास। |
| ४ | कृषि तथा पशुपालनको प्रवर्द्धन र स्थानीय उत्पादनको बजारीकरणमा सहयोग। |
| ५ | सामाजिक सुरक्षा तथा लक्षित वर्गका लागि सामाजिक विकास कार्यक्रम सञ्चालन। |
| ६ | स्थानीय राजस्व संकलन तथा वित्तीय स्रोतको परिचालन। |
| ७ | स्थानीय कानून, नीति, योजना तथा कार्यक्रम निर्माण र कार्यान्वयन। |

| | |
|---|---|
| ८ | विपद् व्यवस्थापन तथा वातावरण संरक्षण। |
| ९ | स्थानीय स्तरमा नागरिकका गुनासा तथा समस्या सम्बोधन। |
| १० | सीमावर्ती तथा पहुँच कठिन बस्तीमा राज्यको सेवा तथा विकासको पहुँच विस्तार। |

पिण्डालबारीको सन्दर्भमा गाउँपालिकाको भूमिका अझ प्रत्यक्ष देखिन्छ। सडक तथा पुलको अभाव, स्वास्थ्य सेवा पहुँच, शैक्षिक निरन्तरता, विद्युत् तथा सञ्चार सेवा र कृषि उत्पादनको बजार पहुँचजस्ता विषयलाई प्राथमिकतामा राखी स्थानीय आवश्यकतामा आधारित योजना निर्माण गर्नु आवश्यक देखिन्छ।

## २.३ कचनकवल गाउँपालिकाको संगठन संरचना तथा मानव स्रोत विश्लेषण


कचनकवल गाउँपालिकाको संगठन संरचनाको सर्वोच्च निकायका रूपमा गाउँ सभा रहेको हुन्छ। गाउँ सभाले गाउँपालिकाको नीति, कानून, योजना तथा बजेटसम्बन्धी महत्वपूर्ण निर्णयहरू गर्दछ। गाउँ कार्यपालिकाले गाउँ सभाबाट स्वीकृत नीति, योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने तथा स्थानीय शासन सञ्चालनसम्बन्धी निर्णयहरू गर्ने गर्दछ।

गाउँपालिका अध्यक्षले गाउँपालिकाको समग्र राजनीतिक तथा विकास नेतृत्व प्रदान गर्ने तथा उपाध्यक्षले न्यायिक समिति लगायतका विभिन्न जिम्मेवारी निर्वाह गर्ने व्यवस्था रहेको छ। प्रमुख प्रशासकीय अधिकृतले गाउँपालिकाको प्रशासनिक नेतृत्व गर्दै विभिन्न शाखा तथा कर्मचारीबीच समन्वय गरी सेवा प्रवाह र कार्यालय सञ्चालनको जिम्मेवारी निर्वाह गर्दछन्।

गाउँपालिकामा प्रशासन,योजना, आर्थिक प्रशासन, शिक्षा, स्वास्थ्य, कृषि, पशु सेवा, रोजगार केन्द्र, सामाजिक सुरक्षा तथा पञ्जिकरण लगायत विषयगत शाखा तथा इकाइहरू क्रियाशील रहेका छन्। वडा कार्यालयहरूले स्थानीय तहको सबैभन्दा तल्लो प्रशासनिक तथा सेवा प्रवाह इकाइका रूपमा नागरिकसँग प्रत्यक्ष सम्पर्कमा रही सेवा उपलब्ध गराउने कार्य गर्दछन्।

मानव स्रोत स्थानीय सरकारको प्रभावकारी कार्यसम्पादनको प्रमुख आधार हो। पर्याप्त तथा दक्ष जनशक्ति उपलब्ध भएमा योजना निर्माण, सेवा प्रवाह, अनुगमन तथा विकास निर्माणका कार्य प्रभावकारी रूपमा सञ्चालन गर्न सकिन्छ। त्यसैले गाउँपालिकाले आवश्यकतानुसार प्राविधिक तथा प्रशासनिक जनशक्तिको व्यवस्थापन, क्षमता विकास तथा जिम्मेवारीको स्पष्ट बाँडफाँटमा ध्यान दिन आवश्यक देखिन्छ।

पिण्डालबारीजस्ता भौगोलिक रूपमा पहुँच कठिन बस्तीमा सेवा पुऱ्याउन स्थानीय कर्मचारी तथा प्राविधिक जनशक्तिको भूमिका अझ महत्वपूर्ण हुन्छ। स्थानीय समस्या पहिचान, स्थलगत अनुगमन तथा योजना कार्यान्वयनमा वडा कार्यालय र विषयगत शाखाबीच प्रभावकारी समन्वय आवश्यक देखिन्छ।




चित्र २.३: कचनकचल गाउँपालिका, गाउँ कार्यपालिकाको संगठन संरचना

तालिका २.३.१ : कचनकवल गाँउपालिका गाउँकार्यपालिकाको नेपाल सरकारबाट स्वीकृत दरवन्दी विवरण

| क्र.सं. | पद | तह | सेवा | समूह | उप समूह | स्वीकृत दरवन्दी संख्या |
|---|---|---|---|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | ८ | प्रशासन | सा.प्र | – | १ |
| २ | अधिकृत | ७/८ | शिक्षा | शि.प्र. | – | १ |
| ३ | इन्जिनियर | ७/८ | इन्जि. | सिभिल | – | १ |
| ४ | अधिकृत | ७/८ | प्रशासन | लेखा | – | १ |
| ५ | अधिकृत | ६ | प्रशासन | सा.प्र. | – | २ |
| ६ | आन्तरिक लेखा परिक्षक | ५ | प्रशासन | लेखा | – | १ |
| ७ | सहायक | ५ | प्रशासन | सा.प्र | – | ४ |
| ८ | हेल्थ असिस्टेन्ट | ५/६ | स्वास्थ्य | हे.ई. | – | १ |
| ९ | लेखा सहायक | ५ | प्रशासन | लेखा | – | १ |
| १० | कम्प्यूटर अप्रेटर | ५ | विविध | | – | १ |
| ११ | प्रा.स. | ५ | शिक्षा | शि.प्र. | – | १ |
| १२ | सव इन्जिनियर | ५ | इन्जि. | सिभिल | – | १ |
| १३ | अ. सव इन्जिनियर | ४ | इन्जि. | सिभिल | – | १ |
| १४ | स. महिला विकास निरीक्षक | ४ | विविध | | – | १ |
| १५ | खा.पा.स.टे. | ४/५ | इन्जि. | सिभिल/स्यानीटरी | – | १ |
| **गापा कार्यालयतर्फ जम्मा** | | | | | | **१९** |
| | | | | | | |
| १ | सहायक | ५ | प्रशासन | सा.प्र | – | ३ |
| २ | सव इन्जिनियर | ५ | इन्जि. | सिभिल | – | ३ |
| ३ | सहायक | ४ | प्रशासन | सा.प्र | – | ३ |
| ४ | अ.सव इन्जिनियर | ४ | इन्जि. | सिभिल | – | ४ |
| ५ | मुखिया | ३ | प्रशासन | सा.प्र | – | २ |
| **वडा कार्यालयतर्फ जम्मा** | | | | | | **१५** |
| **कूल जम्मा** | | | | | | **३४** |


तालिका २.३.२ : कचनकवल गाँउपालिका, गाउँकार्यपालिकाको कार्यालय अन्तर्गत कृषि तथा पशु सेवा र स्वास्थ्य चौकीको  नेपाल सरकारबाट स्वीकृत दरवन्दी विवरण

| क.सं. | पद | तह | सेवा | समूह | उप समूह | स्वीकृत दरबन्दी संख्या |
|---|---|---|---|---|---|---|
| १ | अधिकृत | ७/८ | कृषि | प्रा. | | १ |
| २ | सहायक | ५ | कृषि | प्रा. | | २ |
| ३ | सहायक | ४ | कृषि | प्रा. | | १ |
| | **कृषि विकास शाखा तर्फ जम्मा** | | | | | **४** |
| १ | अधिकृत | ९/१० | कृषि सेवा | प्रा/भेट | | १ |
| २ | सहायक | ५ | कृषि सेवा | प.स्वा.प्रा./भेट | | १ |
| ३ | सहायक | ५ | कृषि सेवा | लापोडेडे | | १ |
| ४ | सहायक | ४ | कृषि सेवा | प.स्वा.प्रा./भेट | | १ |
| ५ | सहायक | ४ | कृषि सेवा | लापोडेडे | | १ |
| ६ | सहायक | ४ | कृषि सेवा | मत्स्य | | १ |
| | **पशु सेवा तर्फ जम्मा** | | | | | **६** |
| **कृषि तथा पशु सेवा तर्फ कूल जम्मा** | | | | | | **१०** |

*स्रोत: संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, २०७५*

**नेपाल सरकारबाट प्राप्त स्वास्थ्य चौकीको दरबन्दी देहाय बमोजिम रहेको छ :**

स्वास्थ्य चौकी तराई र उपत्यका जिल्ला (१४१९ संस्था) को संगठन संरचना




[१] ल्याब असिष्टेण्ट र का.स.को पदपूर्ती आवश्यकताको आधारमा करारमा नियुक्त गर्न सकिने छ ।

## २.४ सूचना प्रविधिको प्रयोगको अवस्था

आधुनिक स्थानीय शासनमा सूचना प्रविधिको प्रयोगले सेवा प्रवाहलाई छिटो, सरल, पारदर्शी तथा नागरिकमैत्री बनाउन महत्वपूर्ण भूमिका निर्वाह गर्दछ। कचनकवल गाउँपालिकाले सूचना प्रविधिको प्रयोगमार्फत गाउँपालिकाका सूचना तथा गतिविधिहरू सार्वजनिक गर्ने, डिजिटल अभिलेख व्यवस्थापन तथा विभिन्न सरकारी सूचना प्रणालीको प्रयोग गर्ने प्रयास गर्दै आएको छ।

तर स्थानीय स्तरमा सूचना प्रविधिको प्रभावकारी प्रयोगका लागि पर्याप्त डिजिटल पूर्वाधार, स्थिर इन्टरनेट, दक्ष जनशक्ति तथा नागरिकको डिजिटल साक्षरता आवश्यक हुन्छ। विशेषगरी सीमावर्ती तथा पहुँच कठिन बस्तीमा विद्युत् तथा सञ्चार सेवाको अस्थिरताले डिजिटल सेवा विस्तारमा थप चुनौती सिर्जना भएको छ।

पिण्डालबारीमा वर्षायाममा विद्युत् तथा सञ्चार सेवा प्रभावित हुने स्थानीयवासीको अनुभवले डिजिटल शासनको पहुँचमा भौतिक पूर्वाधारको महत्वपूर्ण भूमिका रहेको देखाउँछ। त्यसैले आगामी दिनमा अनलाइन सिफारिस, राजस्व भुक्तानी, व्यक्तिगत घटना दर्ता, डिजिटल अभिलेख, गुनासो व्यवस्थापन तथा अन्य ई—गभर्नेन्स सेवा विस्तारसँगै सीमावर्ती बस्तीमा विद्युत् र सञ्चार पूर्वाधारको विश्वसनीयता बढाउन आवश्यक देखिन्छ।

## २.५ कार्य वातावरण तथा कार्य संस्कृति

### २.५.१ कार्य वातावरण

कार्य वातावरणले कार्यालयको भौतिक अवस्था, कर्मचारीबिचको सम्बन्ध, नेतृत्व शैली, समन्वय, सञ्चार तथा कार्यसम्पादनमा प्रभाव पार्ने समग्र अवस्थालाई जनाउँछ। स्थानीय सरकारको प्रभावकारी सेवा प्रवाहका लागि सकारात्मक, सहयोगी तथा उत्तरदायी कार्य वातावरण आवश्यक हुन्छ।

कचनकवल गाउँपालिकामा जनप्रतिनिधि तथा कर्मचारीबीच समन्वय, विषयगत शाखामार्फत कार्यसम्पादन तथा वडा कार्यालयमार्फत सेवा प्रवाह गर्ने संरचना रहेको छ। गाउँपालिकाको प्रशासनिक तथा विकाससम्बन्धी कार्यलाई प्रभावकारी बनाउन शाखागत समन्वय तथा नियमित बैठकको अभ्यास महत्वपूर्ण रहेको देखिन्छ।

स्थानीय तहमा कार्यरत कर्मचारीले नागरिकका प्रत्यक्ष समस्या सम्बोधन गर्नुपर्ने भएकाले सेवाग्राहीमैत्री व्यवहार, समयपालना, जिम्मेवारीबोध तथा पारदर्शिता कार्य वातावरणका महत्वपूर्ण पक्ष हुन्। विशेषगरी सीमावर्ती बस्तीका नागरिकका समस्या बुझ्न स्थलगत भ्रमण तथा प्रत्यक्ष अन्तरक्रियालाई कार्य प्रणालीको अभिन्न अंग बनाउन आवश्यक देखिन्छ।

### २.५.२ कार्य संस्कृति

कार्य संस्कृति भन्नाले संस्थाभित्र कार्यसम्पादन गर्ने तरिका, कर्मचारीबीचको सम्बन्ध, अनुशासन, जिम्मेवारीबोध, सेवाग्राहीप्रतिको व्यवहार तथा संगठनात्मक मूल्य—मान्यताको समग्र स्वरूपलाई बुझिन्छ।

कचनकवल गाउँपालिकाको कार्य संस्कृतिमा नियमित प्रशासनिक कार्य, जनप्रतिनिधि तथा कर्मचारीबीच समन्वय, सेवाग्राहीको आवश्यकता सम्बोधन तथा विषयगत शाखामार्फत सेवा प्रवाह गर्ने अभ्यास महत्वपूर्ण देखिन्छ। स्थानीय तहमा नागरिकसँग प्रत्यक्ष सम्पर्क हुने भएकाले सेवाग्राहीमैत्री व्यवहार र जवाफदेहिता कार्य संस्कृतिका महत्वपूर्ण पक्ष हुन्।

कचाकवल गाउँपालिकाको कार्यसंस्कृति सम्बन्धमा निम्न अवस्थाहरू देखिएका छन्:

- कर्मचारी बैठकहरू नियमित रूपमा बस्ने र विभिन्न विषयमा छलफल तथा गुनासो सुनुवाइ तथा समाधान गर्ने अभ्यास रहेको छ।
- गाउँपालिका तथा अन्तर्गतका कार्यालयहरूमा कर्मचारीहरूमा अनुशासन, समयपालना र नियमितता कायम रहेको देखिन्छ।
- जनप्रतिनिधि र कर्मचारीबीच तथा कर्मचारी—कर्मचारीबीचको सम्बन्ध क्रमशः सुधार हुँदै गएको पाइन्छ।

- कर्मचारी तथा जनप्रतिनिधिहरूको क्षमता विकासका लागि समय—समयमा तालिम तथा प्रशिक्षण कार्यक्रम सञ्चालन गरिने गरिएको छ।
- सेवाग्राहीको आवश्यकता र अपेक्षालाई प्राथमिकतामा राखी सेवा प्रदान गर्ने अभ्यास रहेको देखिन्छ।
- समग्रमा, कचनकवल गाउँपालिकाको कार्यसंस्कृति सकारात्मक दिशातर्फ उन्मुख रहेको देखिन्छ, जसले सेवा प्रवाहलाई थप प्रभावकारी र व्यवस्थित बनाउन सहयोग पुऱ्याएको छ।

यद्यपि सीमावर्ती तथा पहुँच कठिन बस्तीमा सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन परम्परागत कार्यालय केन्द्रित कार्यशैली भन्दा समस्या केन्द्रित र स्थलगत कार्यशैलीलाई प्राथमिकता दिन आवश्यक देखिन्छ। पिण्डालबारी जस्ता बस्तीमा नियमित अनुगमन, नागरिकसँग प्रत्यक्ष छलफल तथा स्थानीय आवश्यकतामा आधारित योजना निर्माणले कार्य संस्कृतिलाई थप परिणाममुखी बनाउन सक्छ।

## २.६ कार्यसम्पादनको अवस्था

### २.६.१ तोकिएको जिम्मेवारी कार्यान्वयनको अवस्था

कचनकवल गाउँपालिकाले नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन तथा अन्य प्रचलित कानूनले स्थानीय तहलाई प्रदान गरेका अधिकार र जिम्मेवारीअनुसार सेवा प्रवाह तथा विकास निर्माणका कार्य सञ्चालन गर्दै आएको छ। शिक्षा, स्वास्थ्य, सडक, खानेपानी, कृषि, सामाजिक सुरक्षा, स्थानीय पूर्वाधार तथा प्रशासनिक सेवा गाउँपालिकाका प्रमुख कार्यक्षेत्र रहेका छन्।

गाउँपालिकाले स्थानीय आवश्यकता सम्बोधन गर्न विभिन्न नीति, योजना, बजेट तथा कार्यक्रम निर्माण गरी कार्यान्वयन गर्ने गर्दछ। तथापि सीमावर्ती तथा भौगोलिक रूपमा पहुँच कठिन बस्तीमा योजनाको प्रभावकारी कार्यान्वयनका लागि भौगोलिक कठिनाइ, बजेटको पर्याप्तता, प्राविधिक क्षमता तथा विभिन्न तहबीचको समन्वय महत्वपूर्ण चुनौतीका रूपमा देखिन्छन्।

पिण्डालबारीमा सडक तथा पुलको अवस्थाले विकास कार्यक्रमको प्रभावकारिता मूल्याङ्कन गर्दा केवल योजना स्वीकृत भएको वा बजेट विनियोजन भएको आधार पर्याप्त नहुने देखाउँछ। नागरिकले वास्तविक रूपमा सेवा प्राप्त गरे/नगरेको अवस्थालाई समेत कार्यसम्पादनको महत्वपूर्ण सूचकका रूपमा लिन आवश्यक छ।

### २.६.२ निर्धारित समयसीमाको पालनाको अवस्था

स्थानीय तहले नीति, कार्यक्रम तथा बजेट निर्माण र कार्यान्वयन गर्दा संवैधानिक तथा कानुनी व्यवस्थाअनुसार निर्धारित समयसीमाको पालना गर्नुपर्ने हुन्छ। समयमै योजना सम्झौता, कार्यादेश, कार्यान्वयन, अनुगमन तथा भुक्तानी प्रक्रिया सम्पन्न गर्न सकेमा विकास कार्यक्रमको प्रभावकारिता बढाउन सकिन्छ।

तर स्थानीय विकास योजनाको कार्यान्वयनमा प्रशासनिक प्रक्रिया, प्राविधिक तयारी, ठेक्का व्यवस्थापन, मौसमजन्य अवस्था तथा भौगोलिक कठिनाइले समयसीमा प्रभावित गर्न सक्छ। पिण्डालबारीको बिरिङ खोलामा पुल निर्माणसम्बन्धी समस्या यस प्रकारका चुनौतीसँग सम्बन्धित उदाहरणका रूपमा लिन सकिन्छ।

### २.६.३ कार्यदक्षता

कार्यदक्षता भन्नाले उपलब्ध स्रोत, साधन, जनशक्ति तथा बजेटको प्रभावकारी उपयोग गरी निर्धारित उद्देश्य हासिल गर्ने क्षमतालाई बुझिन्छ। स्थानीय तहको कार्यदक्षता मूल्याङ्कन गर्दा बजेट कार्यान्वयन, योजना सम्पन्नता, सेवा प्रवाहको गति, स्रोत परिचालन तथा उपलब्धिको स्तरलाई आधार बनाउन सकिन्छ।

कचनकवल गाउँपालिकामा विकासका विभिन्न क्षेत्रमा बजेट तथा कार्यक्रम सञ्चालन भइरहे पनि सीमावर्ती र पहुँच कठिन बस्तीमा पूर्वाधार निर्माण तथा सेवा विस्तार गर्दा अतिरिक्त चुनौतीहरू देखिन्छन्। सडक तथा पुल निर्माण, विद्युत् तथा सञ्चार सेवा, स्वास्थ्य तथा शिक्षा जस्ता क्षेत्रमा उपलब्ध स्रोतलाई प्राथमिकताका आधारमा परिचालन गर्न सकेमा कार्यदक्षता वृद्धि गर्न सकिन्छ।

विशेषगरी पिण्डालबारीमा सडक तथा पुलको समस्या समाधानलाई अन्य सेवा सुधारसँग एकीकृत गरी योजना निर्माण गर्न सकेमा सीमित स्रोतबाट समेत बहुआयामिक परिणाम प्राप्त गर्न सकिने देखिन्छ।

### २.६.४ प्रभावकारिता

स्थानीय सरकारको प्रभावकारिता केवल बजेट खर्च वा योजना सम्पन्नताको आधारमा मात्र नभई नागरिकको जीवनमा आएको वास्तविक परिवर्तनबाट मूल्याङ्कन गर्न आवश्यक हुन्छ। शिक्षा, स्वास्थ्य, पूर्वाधार, आर्थिक अवसर तथा सार्वजनिक सेवामा नागरिकको पहुँच बढेको छ वा छैन भन्ने विषय प्रभावकारिताको महत्वपूर्ण सूचक हो।

कचनकवल गाउँपालिकाको सन्दर्भमा समग्र विकास तथा सेवा प्रवाहका कार्यक्रम सञ्चालन भइरहे पनि सीमावर्ती तथा पहुँच कठिन बस्तीमा नागरिकले भोगिरहेका समस्या प्रभावकारिताको थप मूल्याङ्कन आवश्यक रहेको संकेत गर्दछन्। पिण्डालबारीमा सडक तथा पुलको अभावका कारण शिक्षा, स्वास्थ्य, बजार, सञ्चार तथा सामाजिक आवागमनमा समस्या रहनुले सेवा उपलब्धता र वास्तविक पहुँचबीच अन्तर रहेको देखाउँछ।

त्यसैले गाउँपालिकाले आगामी दिनमा योजनाको संख्या तथा बजेट खर्चभन्दा पनि नागरिकले प्राप्त गरेको परिणामलाई प्राथमिकता दिन आवश्यक छ। विशेषगरी पिण्डालबारीजस्ता सीमावर्ती बस्तीमा आधारभूत पूर्वाधार र सेवा पहुँचलाई प्राथमिकतामा राखी नियमित अनुगमन तथा परिणाममा आधारित मूल्याङ्कन प्रणाली विकास गर्न सकेमा स्थानीय शासन थप प्रभावकारी, उत्तरदायी र जनमुखी बन्न सक्ने देखिन्छ।

# ३. मामिला पहिचान तथा विश्लेषणः

## पिण्डालबारीः सीमावर्ती बस्तीमा राज्यको पहुँच र विकासको अवस्था

### ३.१ विषय छनौटका आधार र औचित्य

कचनकवल गाउँपालिका झापा जिल्लाको दक्षिणी तथा नेपाल—भारत सीमासँग जोडिएको स्थानीय तह हो। सीमावर्ती तथा भौगोलिक रूपमा पहुँच कठिन क्षेत्रमा राज्यका सेवा, सुविधा तथा विकासका अवसर नागरिकसम्म समान रूपमा पुग्नु स्थानीय शासनको महत्वपूर्ण चुनौती हो। यसै सन्दर्भमा कचनकवल गाउँपालिका वडा नं. १ अन्तर्गतको पिण्डालबारी बस्तीलाई अध्ययनको विषयका रूपमा छनोट गरिएको हो। गाउँपालिकाको उपलब्ध विवरणमा समेत पिण्डलवारी वडा नं. १ को प्रमुख बस्तीका रूपमा उल्लेख भएको तथा बिरिङ नदीको बाढीबाट यस क्षेत्रका नागरिक उच्च जोखिममा रहेको देखिन्छ।

पिण्डालबारीको भौगोलिक अवस्थिति, सीमावर्ती प्रकृति र आवतजावतका पूर्वाधारसँग सम्बन्धित समस्याले शिक्षा, स्वास्थ्य, कृषि, बजार, विद्युत्, सञ्चार तथा अन्य सार्वजनिक सेवामा नागरिकको पहुँचलाई प्रत्यक्ष प्रभाव पार्ने अवस्था देखिन्छ। त्यसैले यस बस्तीको स्थलगत अध्ययनमार्फत स्थानीय सरकारबाट उपलब्ध गराइएका सेवा तथा विकास कार्यक्रम र नागरिकले व्यवहारमा अनुभव गरिरहेको सेवा पहुँचबीचको अवस्थालाई बुझ्न आवश्यक देखिएको हो।

यस विषय छनोटका प्रमुख आधार तथा औचित्यहरू निम्न छन्:

- भौगोलिक तथा सीमावर्ती संवेदनशीलताः पिण्डालबारी नेपाल—भारत सीमासँग जोडिएको बस्ती भएकाले यहाँ राज्यको प्रभावकारी उपस्थिति, नागरिक सुरक्षा तथा सेवा पहुँचको विषय अन्य सामान्य ग्रामीण बस्तीभन्दा बढी संवेदनशील रहेको छ।
- आधारभूत पूर्वाधारको अवस्थाः सडक तथा बिरिङ खोलामा आवतजावतका लागि पुलको अभावले बस्तीको बाह्य क्षेत्रसँगको सम्पर्क प्रभावित भएको देखिन्छ। यसले अन्य सार्वजनिक सेवा तथा आर्थिक गतिविधिमा समेत प्रत्यक्ष असर पार्ने भएकाले पूर्वाधारको अवस्था अध्ययन गर्नु आवश्यक रहेको छ।
- शिक्षामा पहुँचको समस्याः सडक तथा यातायातको कठिनाइले बालबालिकालाई आधारभूत तहपछिको अध्ययनका लागि बाहिर जान कठिन हुने अवस्था रहेको स्थानीय अनुभवबाट देखिन्छ। त्यसैले भौगोलिक पहुँच र शैक्षिक निरन्तरताबीचको सम्बन्ध पहिचान गर्न यो विषय महत्वपूर्ण छ।
- स्वास्थ्य सेवाको पहुँचः आधारभूत स्वास्थ्य केन्द्र भए पनि नियमित स्वास्थ्यकर्मी, औषधि तथा आकस्मिक स्वास्थ्य सेवामा पहुँचका समस्या रहेको स्थानीयवासीको अनुभव छ। विशेषगरी गर्भवती, सुत्केरी, वृद्धवृद्धा तथा आकस्मिक बिरामीका लागि यातायातको अवस्था महत्वपूर्ण भएकाले स्वास्थ्य सेवा पहुँचको अध्ययन आवश्यक देखिन्छ।
- स्थानीय आर्थिक गतिविधि तथा बजार पहुँचः पिण्डालबारीका नागरिक कृषि तथा अन्य स्थानीय उत्पादनमा निर्भर रहे पनि सडक तथा यातायातको कठिनाइले उत्पादनलाई सहज रूपमा बजारसम्म

पुऱ्याउन समस्या हुने अवस्था रहेको छ। यसले किसानको आम्दानी, बजार पहुँच तथा स्थानीय आर्थिक गतिविधिमा प्रभाव पार्ने भएकाले आर्थिक पक्षलाई समेत अध्ययनमा समेटिएको हो।

- राज्यको सेवा पहुँच र वास्तविक अवस्थाबीचको अन्तर पहिचानः कानुनी तथा संस्थागत रूपमा स्थानीय सरकारका सेवा नागरिकसम्म पुग्ने व्यवस्था भए पनि भौगोलिक कठिनाइका कारण व्यवहारमा सबै नागरिकले समान रूपमा सेवा प्राप्त गर्न सकेका छन् वा छैनन् भन्ने विषय महत्वपूर्ण छ। यस अध्ययनले सेवा उपलब्धता र वास्तविक पहुँचबीचको अन्तर पहिचान गर्न सहयोग पुऱ्याउनेछ।
- स्थानीय सरकारको भूमिका तथा उत्तरदायित्व स्पष्ट गर्नः पिण्डालबारीमा देखिएका समस्या समाधान गर्न स्थानीय सरकार, वडा कार्यालय, प्रदेश तथा संघीय सरकार र अन्य सरोकारवालाको भूमिका के हुनुपर्छ भन्ने विषय पहिचान गर्न यो अध्ययन उपयोगी हुनेछ।
- दिगो तथा प्राथमिकतामा आधारित विकासका लागि आधारः अध्ययनबाट प्राप्त तथ्य तथा स्थानीयवासीका अनुभवका आधारमा पिण्डालबारीमा सडक, पुल, शिक्षा, स्वास्थ्य, विद्युत्, सञ्चार तथा बजार पहुँच सुधारका लागि प्राथमिकता निर्धारण गर्न सहयोग पुग्नेछ।

समग्रमा, पिण्डालबारीलाई अध्ययनको विषयका रूपमा छनोट गर्नु केवल एउटा ग्रामीण बस्तीको विकास अवस्थाको अध्ययन गर्नु मात्र नभई सीमावर्ती नागरिकको राज्यसँगको पहुँच, स्थानीय सरकारको सेवा प्रवाह, पूर्वाधारको प्रभाव, सामाजिक—आर्थिक अवसर तथा स्थानीय शासनको प्रभावकारिता बुझ्ने प्रयास हो। यस अध्ययनबाट प्राप्त निष्कर्षले कचनकवल गाउँपालिकालाई पहुँच कठिन तथा सीमावर्ती बस्तीका लागि आगामी नीति, योजना तथा कार्यक्रम निर्माण गर्न व्यवहारिक पृष्ठपोषण प्रदान गर्ने अपेक्षा गरिएको छ।

## समस्याको पहिचान

### ३.१ पहिचान गरिएका प्रमुख समस्या तथा सवालहरू

पिण्डालबारी बस्तीको स्थलगत अध्ययन, स्थानीयवासीसँगको छलफल तथा प्रत्यक्ष अवलोकनका क्रममा शिक्षा, स्वास्थ्य तथा भौतिक पूर्वाधारसँग सम्बन्धित प्रमुख समस्या तथा चुनौतीहरू पहिचान भएका छन्। यी समस्याहरू एकअर्कासँग अन्तरसम्बन्धित रहेको देखिन्छ।

### १. शिक्षा क्षेत्रका समस्या

पिण्डालबारीमा आधारभूत तहसम्मको शैक्षिक पहुँच रहे पनि आधारभूत तहपछिको अध्ययनका लागि बाहिर जानुपर्ने अवस्था रहेको पाइयो। सडक तथा यातायातको कठिनाइका कारण विद्यार्थीहरूलाई नियमित रूपमा विद्यालय आवतजावत गर्न समस्या हुने गरेको छ। यसले विशेषगरी आर्थिक रूपमा कमजोर परिवारका बालबालिकाको शिक्षामा निरन्तरता र उच्च तहको शिक्षामा पहुँचलाई प्रभावित गरेको देखिन्छ। साथै, स्थानीय शैक्षिक संस्थाको शैक्षिक गुणस्तर सुधार, पर्याप्त शैक्षिक स्रोतसाधन तथा विद्यार्थीको सिकाइ उपलब्धि अभिवृद्धिमा थप ध्यान दिनुपर्ने अवस्था देखिन्छ।

पिण्डालबारीमा शिक्षा सम्बन्धी समस्या दुई तहमा देखिन्छ। पहिलो, गाउँमै रहेको विद्यालयको सिकाइ उपलब्धि। दोस्रो, आधारभूत तह पूरा गरेपछि उच्च तहको शिक्षामा प्रवेश गर्ने विद्यार्थीको पहुँच।

कचनकवल गाउँपालिकाको २०८१ को आधारभूत तह परीक्षा परिणामअनुसार नवदुर्गा आधारभूत विद्यालय, कचनकवल-१, पिण्डलवारीबाट परीक्षामा सहभागी आठ विद्यार्थीमध्ये एक जना पनि उत्तीर्ण हुन सकेनन्। यो नतिजाले विद्यालयको शैक्षिक गुणस्तरबारे गम्भीर प्रश्न उठाउँछ। तर यसको कारण केवल शिक्षक वा विद्यालय व्यवस्थापन हो भनेर निष्कर्ष निकाल्नु उचित हुँदैन।

स्थानीयवासीका अनुसार कक्षा ८ पछि थप शिक्षाका लागि बाहिर जानुपर्ने र सडक तथा पुलको अभावका कारण धेरै बालबालिकाले कक्षा छोड्न बाध्य हुन्छन्। यहाँ विद्यालयको शैक्षिक गुणस्तर, माध्यमिक शिक्षाको पहुँच, सुरक्षित यातायात र विद्यार्थीको आर्थिक अवस्था एउटै शैक्षिक नीतिगत बास्केटभित्र राखिनुपर्छ।

## २. स्वास्थ्य क्षेत्रका समस्या

स्थानीयवासीसँग गरिएको छलफलमा गर्भवती महिला र सुत्केरी महिलाको अवस्था विशेष रूपमा उठेको थियो। नियमित गर्भ जाँचका लागि स्वास्थ्य संस्था पुग्न कठिन हुन्छ। सुत्केरी हुने समयमा तत्काल स्वास्थ्य संस्थासम्म पुऱ्याउनु अझ जटिल हुन्छ। सडक र पुलको अवस्था खराब भएका कारण सामान्य अवस्थामा पनि कठिन हुने यात्रा आपत्कालीन अवस्थामा जीवन जोखिममा परिणत हुन सक्छ। स्थानीयवासीले पिण्डालबारीमा आधारभूत स्वास्थ्य सेवा संरचना भए पनि नियमित स्वास्थ्यकर्मी र औषधि उपलब्धतामा समस्या रहेको बताएका छन्। यहाँ दुईवटा छुट्टाछुट्टै समस्या छन् :

पहिलोः सेवा केन्द्रको क्षमता।

दोस्रोः सेवा केन्द्रसम्म पुग्ने पहुँच। दुवैमध्ये एउटा मात्र सुधार गरेर पर्याप्त हुँदैन।

यदि स्वास्थ्यकर्मी र औषधि छैन भने सडक बनेर मात्र समस्या समाधान हुँदैन। स्वास्थ्यकर्मी र औषधि भए पनि गर्भवती महिलालाई वर्षायाममा बिरिङ खोला पार गराएर अस्पताल पुऱ्याउनुपर्ने अवस्था रहेसम्म स्वास्थ्य सेवा सुरक्षित मान्न सकिँदैन।

बस्तीमा आधारभूत स्वास्थ्य केन्द्रमार्फत सेवा उपलब्ध भए पनि नियमित स्वास्थ्यकर्मी, आवश्यक औषधि तथा पर्याप्त स्वास्थ्य सेवाको उपलब्धतामा समस्या रहेको स्थानीयवासीले बताएका छन्। सामान्य स्वास्थ्य समस्यादेखि आकस्मिक अवस्थासम्मका बिरामीलाई बाहिरी स्वास्थ्य संस्थामा लैजानुपर्ने अवस्थामा सडक तथा यातायातको कठिनाइ थप चुनौतीका रूपमा देखिन्छ। विशेषगरी गर्भवती तथा सुत्केरी महिला, बालबालिका, ज्येष्ठ नागरिक र आकस्मिक बिरामीका लागि समयमै स्वास्थ्य संस्थासम्म पुग्न कठिन हुने अवस्था रहेको पाइयो।

### ३. भौतिक पूर्वाधारका समस्या

पिण्डालबारीको प्रमुख समस्या सडक तथा पुलसँग सम्बन्धित रहेको देखियो। बिरिङ खोलामा सहज आवतजावतका लागि पर्याप्त पुलको अभाव तथा सडकको कमजोर अवस्थाका कारण विशेषगरी वर्षायाममा बस्तीको बाह्य क्षेत्रसँगको सम्पर्क प्रभावित हुने गरेको पाइयो। यस पूर्वाधार समस्याले शिक्षा र स्वास्थ्य सेवामा पहुँच मात्र नभई दैनिक आवतजावत तथा अन्य सामाजिक गतिविधिमा समेत प्रत्यक्ष प्रभाव पारेको देखिन्छ।

सडक र पुलको अभावले सबैभन्दा पहिले आवागमनलाई असर गर्छ। तर यसको असर यातायातमा मात्र सीमित रहँदैन। स्थानीयवासीसँगको छलफलमा निम्न क्षेत्र प्रभावित भएको पाइयो :

- विद्यालय जाने बालबालिका
- गर्भवती महिला
- सुत्केरी महिला
- बिरामी
- वृद्धवृद्धा
- कृषि उत्पादन
- विवाह तथा सामाजिक कार्यक्रम
- दैनिक उपभोगका सामग्री
- आपत्कालीन सेवा
- बजार आवागमन

यसलाई विकास अर्थशास्त्रको भाषामा connectivity deficit भन्न सकिन्छ। तर पिण्डालबारीको अवस्थामा यसको अर्थ अझ गम्भीर छ। किनभने यहाँ सडक नहुँदा एउटा सेवा मात्र होइन सबै सेवा प्राप्त गर्न पनि कठिन हुन्छ। उदाहरणका लागि स्वास्थ्य सेवा उपलब्ध भए पनि बिरामी त्यहाँसम्म पुग्न सक्दैन भने स्वास्थ्य सेवा वा आधारभूत स्वास्थ्य केन्द्र उपलब्ध भएको तथ्यले मात्र नागरिकको स्वास्थ्य अधिकार सुनिश्चित गर्दैन। विद्यालय गाउँमा भए पनि कक्षा ८ पछि अर्को विद्यालयमा जान सुरक्षित र नियमित यातायात छैन भने 'विद्यालय रहेको' तथ्यले शैक्षिक पहुँचको वास्तविकता देखाउँदैन।

यसैले, पिण्डालबारीको विकास सूचकमा 'पूर्वाधार छ/छैन' भन्दा 'पूर्वाधारले नागरिकलाई सेवा प्राप्त गर्न सक्षम बनाएको छ/छैन' भन्ने सूचक आवश्यक देखिन्छ।

### समग्र समस्या

अध्ययनबाट पूर्वाधारको कमजोरीले शिक्षा तथा स्वास्थ्य सेवाको पहुँचलाई प्रत्यक्ष रूपमा प्रभावित गरिरहेको देखिन्छ। त्यसैले पिण्डालबारीको समस्या केवल शिक्षा वा स्वास्थ्य क्षेत्रको अलग—अलग समस्या नभई सडक तथा पुलजस्ता आधारभूत पूर्वाधारसँग अन्तरसम्बन्धित रहेको निष्कर्ष निकाल्न सकिन्छ। आगामी दिनमा

पूर्वाधार विकाससँगै शिक्षा र स्वास्थ्य सेवाको गुणस्तर तथा पहुँच सुधारलाई एकीकृत रूपमा अघि बढाउनु आवश्यक देखिन्छ।

## ३.२. SWOT विश्लेषणः

कचनकवल गाउँपालिकाको शिक्षा, स्वास्थ्य र पूर्वाधारको अवस्थालाई ध्यानमा राख्दै SWOT विश्लेषण यसरी प्रस्तुत गर्न सकिन्छः

### ३.२.१ आन्तरिक सकारात्मक वा सबल पक्ष (Strengths)

- बस्तीमा आधारभूत तहसम्मको विद्यालयको उपलब्धता।
- आधारभूत स्वास्थ्य सेवा प्राप्त गर्ने संरचना रहेको।
- स्थानीय समुदायमा विकास तथा समस्या समाधानप्रति चासो र सहभागिताको भावना रहेको।
- सीमावर्ती बस्ती भएकाले विकासका दृष्टिले विशेष प्राथमिकता प्राप्त गर्न सक्ने सम्भावना।

### ३.२.२ आन्तरिक नकारात्मक वा कमजोर पक्ष (Weaknesses)

- स्थानीय सरकारको प्रशासनिक तथा सेवा प्रवाह संरचनासँग बस्ती नजोडिएको।
- बिरिङ खोलामा सहज आवतजावतका लागि पुलको अभाव।
- सडकको कमजोर अवस्था तथा वर्षायाममा आवतजावतमा कठिनाइ।
- माध्यमिक तथा उच्च शिक्षाका लागि बाहिरी क्षेत्रमाथि निर्भरता।
- नियमित स्वास्थ्यकर्मी तथा आवश्यक औषधिको पर्याप्त उपलब्धता नहुनु।
- आकस्मिक स्वास्थ्य सेवाका लागि बाहिरी स्वास्थ्य संस्थामा निर्भर रहनुपर्ने अवस्था।
- शिक्षा तथा स्वास्थ्य सेवामा पहुँचलाई भौतिक पूर्वाधारको कमजोर अवस्थाले प्रभावित गर्नु।

### ३.२.३ अवसरहरू वा बाह्य सकारात्मक पक्ष (Opportunities)

- सीमावर्ती तथा पहुँच कठिन बस्तीका रूपमा विशेष विकास प्राथमिकता प्राप्त गर्न सकिने।
- बिरिङ खोलामा स्थायी पुल निर्माण तथा सडक स्तरोन्नति गर्न सकिने।
- विद्यालयको भौतिक तथा शैक्षिक गुणस्तर सुधार गर्न सकिने।
- शिक्षकको क्षमता विकास तथा प्रविधिमैत्री शिक्षाको विस्तार गर्न सकिने।
- स्वास्थ्य संस्थामा नियमित स्वास्थ्यकर्मी तथा आवश्यक औषधिको व्यवस्था गर्न सकिने।
- स्थानीय, प्रदेश तथा संघीय सरकारबीच समन्वय गरी एकीकृत विकास योजना सञ्चालन गर्न सकिने।
- गैरसरकारी तथा अन्य विकास साझेदार संस्थासँग सहकार्य गरी शिक्षा, स्वास्थ्य र पूर्वाधार विकास गर्न सकिने।

### ३.२.४ खतरा वा बाह्य नकारात्मक पक्ष (Threats)

- बिरिङ खोलाको बाढी तथा वर्षायाममा सडक क्षति भई आवतजावत अवरुद्ध हुने जोखिम।
- भौगोलिक कठिनाइका कारण पूर्वाधार निर्माणमा लागत र समय बढ्न सक्ने।
- यातायातको कठिनाइका कारण विद्यार्थीको नियमित विद्यालय उपस्थितिमा समस्या आउन सक्ने।

- शिक्षा क्षेत्रमा निरन्तर समस्या रहेमा विद्यार्थीको उच्च शिक्षामा पहुँच तथा निरन्तरतामा असर पर्न सक्ने।
- आकस्मिक स्वास्थ्य अवस्थामा समयमा स्वास्थ्य संस्था पुग्न नसक्दा स्वास्थ्य जोखिम बढ्न सक्ने।
- पूर्वाधारको कमजोर अवस्थाका कारण अन्य सार्वजनिक सेवाको पहुँचसमेत प्रभावित हुन सक्ने।
- सीमावर्ती तथा पहुँच कठिन अवस्थाका कारण विकास कार्यक्रमको प्रभावकारी कार्यान्वयन तथा अनुगमनमा चुनौती आउन सक्ने।
- भू-राजनीतिक संवेदनशील सीमा क्षेत्रमा राज्यको उपस्थिति र राष्ट्रिय पहिचान कमजोर हुने जोखिम।

### ३.३ मामिलाहरुको जरुरी — महत्वपूर्ण म्याट्रिक्स (Urgent- Important Matrix for the Issues)

Urgent–Important म्याट्रिक्स कुनै पनि संस्था, परियोजना वा कार्यक्रमभित्र रहेका कार्यहरूलाई प्राथमिकता निर्धारण गर्न, समय व्यवस्थापन गर्न तथा निर्णय लिन सहयोग गर्ने एक प्रभावकारी उपकरण हो। यस अवधारणालाई सर्वप्रथम Dwight D. Eisenhower ले प्रस्तुत गरेका थिए भने व्यवस्थित रूपमा यसको प्रयोग Stephen R. Covey ले आफ्नो समय व्यवस्थापन सिद्धान्तमा प्रयोग गरेका थिए (Ngandam Mfondoum et al., 2019)। त्यसैले यस म्याट्रिक्सलाई Eisenhower Box वा साधारण रूपमा Eisenhower Method पनि भनिन्छ। विभिन्न कार्यहरूलाई तत्काल गर्नु पर्ने (Urgency) र महत्त्व (Importance) का आधारमा वर्गीकरण गरी कुन कार्य तुरुन्त गर्नुपर्ने हो, कुन कार्य दीर्घकालीन रूपमा योजना बनाएर अघि बढाउनुपर्ने हो भन्ने कुरा स्पष्ट हुने र व्यवस्थापनका लागि प्रभावकारी हुने भएकोले यो म्याट्रिक्स महत्वपूर्ण उपकरण रूपमा स्थापित भएको छ। यस अध्ययनमा यो म्याट्रिक्सको प्रयोग गर्दा प्रशिक्षार्थी टोलीले पहिचान गरेका विषयहरू निम्नानुसार Important, Urgent, Not Important and Not Urgent मा परेका छन्। पिण्डालबारीको बारेमा तयार गरेको Eisenhower Matrix देहाय बमोजिम रहेको छ।

तालिका ३.३ Urgent- Important Matrix

| **जरुरी र महत्वपूर्ण**<br>पहिले गर्नुपर्ने | **महत्वपूर्ण, तर जरुरी छैन**<br>योजना बनाउनुपर्ने |
|---|---|
| • अर्को वर्षायाम अघि नै बिरिङ खोलामा अस्थायी/आकस्मिक (बेली वा झोलुङ्गे) पुल निर्माण गर्ने।<br>• गर्भवती महिला र गम्भीर बिरामीका लागि मोबाइल स्वास्थ्य शिविर र आकस्मिक ढुवानी व्यवस्था मिलाउने।<br>• रोकिएको पुल निर्माण ठेक्का पुनः सुरु गर्ने/गराउने पहल गर्ने | • स्थायी पक्की पुललाई बहुवर्षीय पूर्वाधार आयोजनाको रूपमा योजना र बजेट तर्जुमा गर्ने।<br>• वर्षायामको ७—१० दिने विद्युत् अवरोध घटाउन भरपर्दो विद्युत् ग्रिड/ब्याकअप (सोलार माइक्रो-ग्रिड) विस्तार गर्ने।<br>• वडाका लागि मोबाइल नेटवर्क टावर/सञ्चार पूर्वाधारमा लगानी गर्ने। |

<table>
<tr><td><ul><li>आवश्यक औषधिको न्यूनतम भण्डार र कम्तीमा एक स्थायी स्वास्थ्यकर्मी सुनिश्चित गर्ने।</li></ul></td><td><ul><li>नवदुर्गा विद्यालयका लागि शिक्षा सुधार योजना (शिक्षक तालिम, अनुगमन, स्रोत) तयार गरी माध्यमिक तहसम्म स्तरवृध्दि गर्ने।</li></ul></td></tr>
<tr><td>जरुरी, तर महत्वपूर्ण छैन<br>जिम्मा दिनुपर्ने</td><td>न जरुरी, न महत्वपूर्ण<br>पछि सोच्ने</td></tr>
<tr><td><ul><li>किसानलाई समयमै भुक्तानी गर्ने अभ्यासका लागि व्यापारी/सहकारीसँग समन्वय (वडास्तरीय समितिलाई जिम्मा)।</li><li>परीक्षा अवधिमा विद्यार्थीका लागि अस्थायी यातायात व्यवस्था मिलाउने (विद्यालय/वडा कार्यालयलाई जिम्मा)।</li><li>स्थायी व्यापार बिन्दु नबन्दासम्म अल्पकालीन सीमापार बजार पहुँच सहजीकरण गर्ने।</li></ul></td><td><ul><li>मुख्य सम्पर्क समस्यासँग नजोडिएका औपचारिक वा गैर-आवश्यक वडास्तरीय कार्यक्रम।</li><li>तत्काल सेवा प्रवाहसँग नजोडिएको गैर-महत्वपूर्ण प्रशासनिक कागजी काम।</li><li>मुख्य पूर्वाधार अभाव नटरेसम्म कम प्राथमिकताका सौन्दर्यीकरण वा साइनेज आयोजना।</li></ul></td></tr>
</table>

# ४. सुझाव तथा नीतिगत सिफारिस

## ४.१ संघीय सरकारका लागि सुझाव तथा सिफारिस

- राष्ट्रिय सुरक्षा र भू-अखण्डतासँग जोडिएको हुनाले पिण्डालबारी–बिरिङ पुललाई पूर्वाधार विकास मन्त्रालयबाट प्राथमिकता प्राप्त सीमा-सम्पर्क आयोजनाको रूपमा वर्गीकरण गरी तटबन्धसहितको निर्माणलाई प्राथमिकता दिने।
- सीमा सुरक्षाका लागि संवेदनशील क्षेत्र रहेकाले खटिएको नेपाल प्रहरी चौकीलाई तत्काल थप सहयोगका लागि सीमा सुरक्षा बल सहितको संयन्त्र तयार गर्नु पर्ने।
- विद्युतका पोल विरिङ खोलाबाट लगिएकोमा वर्षा याममा हुने अवरोध हटाउन झापा गा.पा.बाट विस्तार गर्न अध्ययन गर्ने।

## ४.२. प्रदेश सरकार (कोशी प्रदेश) लागि सुझाव तथा सिफारिस

- स्थायी पुलको प्रबन्ध नहुँदासम्म पालिकासँग समन्वय गरी विपद् राहत वा आकस्मिक पूर्वाधार बजेट प्रयोग गरी तत्काल अस्थायी पुल निर्माण गर्न ।
- विद्यार्थी उत्तीर्ण दरको समस्या समाधान गर्न लक्षित शिक्षक व्यवस्थापन र छात्रवृत्तिमार्फत पिण्डालबारीलाई शिक्षा सुधार कार्यक्रममा स्थानीय तहसँग समन्वय तथा सहकार्य गर्ने।

## ४.३ स्थानीय सरकार (कचनकवल गाउँपालिका) प्रत्यक्ष कार्यका लागि सिफारिस

- स्थायी स्वास्थ्यकर्मी नियुक्ति नहुँदासम्म वडा नं. १ को पिण्डलबारीमा महिनामा कम्तिमा २ पटक मोबाइल स्वास्थ्य टोली (चिकित्सक + औषधि भण्डार) परिचालन गर्ने
- सेवा केन्द्र विस्तार गर्ने
- स्वास्थ्य संस्थाको वरिपरि तारबार गरी सुरक्षित गराउने, पहुँच सडकको रेखाङ्कन गरी स्तरोन्नती गर्ने र चौबिसै घण्टा विद्युत सुनिश्चित गर्न जेनरेटरको व्यवस्था गर्ने
- शैक्षिक तथा स्वास्थ्य संस्थामा कार्यरत जनशक्तिको प्रभावकारी अनुगमन तथा मूल्याङ्कनका लागि डिजिटल प्रविधि (Closed Circuit Camera, E- attendance, GIOMS आदि) को smart रुपमा प्रयोग गर्ने
- श्री नवदुर्गा आधारभूत विद्यालयलाई आवश्यक पूर्वाधार तथा जनशक्ति विकास/ थप गरी माध्यमिक तहसम्म स्तरोन्नती गर्ने योजना बनाउने
- वडा कार्यालय र मालपोत निकायमार्फत खोलाको धार विवाद समाधान गरी रोकिएको पुल ठेक्का पुनः सुरु वा पुनः टेन्डर गर्नका लागि सहजीकरण गर्ने
- औषधि भण्डार, औषधि शिक्षक उपस्थिति र विद्यार्थी नतिजा मासिक रूपमा निगरानी गर्न वडास्तरीय स्वास्थ्य तथा शिक्षा अनुगमन समिति गठन गर्ने।

- व्यापारीबाट समयमै र उचित भुक्तानी सुनिश्चित गर्न र स्थानीय सहकारी बजारीकरण खोज्न वडा कार्यालयमा किसान सहायता डेस्क स्थापना गर्ने।
- आगामी आर्थिक वर्षको पूँजीगत बजेटमा पिण्डालबारीको पूर्वाधार अभावलाई सर्वोच्च प्राथमिकताको वडास्तरीय आयोजनाको रूपमा स्पष्ट समावेश गर्ने।

# ५. निष्कर्ष

पिण्डालबारीको स्थलगत अध्ययनले एउटा यस्तो ग्रामीण बस्तीको चित्र प्रस्तुत गरेको छ, जहाँ विकासको अभावलाई केवल सडक, पुल, स्वास्थ्य चौकी, विद्यालय वा विद्युतको छुट्टाछुट्टै समस्याका रूपमा बुझ्न सकिँदैन। यी सबै समस्या एकअर्कासँग गाँसिएका छन् र तिनको केन्द्रमा एउटा साझा प्रश्न देखिन्छ, त्यो हो; राज्यको औपचारिक उपस्थिति र नागरिकले अनुभूति गर्ने राज्यको उपस्थितिबीचको दूरी।

कानुनी र प्रशासनिक दृष्टिले पिण्डालबारी नेपालको अभिन्न भूभाग हो। यहाँ स्थानीय सरकारको प्रशासनिक संरचना छ, विद्यालय छ, स्वास्थ्यसम्बन्धी संरचना छ, सडक तथा अन्य विकास योजनाहरू सरकारी अभिलेखमा समेटिएका छन्। तर स्थलगत अध्ययनका क्रममा देखिएको अवस्था हेर्दा यी संस्थागत उपस्थिति नागरिकको दैनिक जीवनमा अपेक्षित प्रभावका रूपमा रूपान्तरण हुन सकेको देखिँदैन। राज्यको उपस्थिति कागजमा देखिनु र नागरिकले राज्यलाई आफ्नो जीवनमा अनुभूत गर्नु एउटै कुरा होइन। पिण्डालबारीको मुख्य समस्या यही अन्तरमा केन्द्रित छ।

बिरिङ खोला पार गर्ने क्रममा अध्ययन टोलीले आफैं भोगेको कठिनाइ यस अवस्थाको प्रत्यक्ष प्रतीक हो। कम्मरभन्दा माथि आउने पानीमा हात समातेर खोला पार गर्नुपर्ने अवस्था स्थानीय बासिन्दाले वर्षौंसम्म भोग्दै आएको दैनिक जोखिमको प्रत्यक्ष उदाहरण हो। न पक्की पुल, न झोलुङ्गे पुल र वर्षायाममा असुरक्षित नदी पार गर्नुपर्ने बाध्यताले पिण्डालबारीको भौगोलिक अलगावलाई स्पष्ट पार्छ।

स्थानीयवासीका अनुसार केही वर्षअघि पुल निर्माणका लागि ठेक्का लागे पनि बिरिङ खोलाले धार परिवर्तन गरेपछि निर्माण रोकिएको हो। यदि यो विवरण सम्बन्धित प्राविधिक तथा प्रशासनिक अभिलेखबाट पुष्टि हुन्छ भने यो केवल एउटा आयोजना असफल भएको विषय होइन; सार्वजनिक पूर्वाधार आयोजना छनोट, डिजाइन, नदीको प्राविधिक अध्ययन, ठेक्का व्यवस्थापन, जोखिम व्यवस्थापन र अन्तरसरकारी समन्वयको गम्भीर समीक्षा गर्नुपर्ने विषय हो। नदीले धार परिवर्तन गरेको अवस्थामा आयोजना रोक्नु प्राविधिक रूपमा आवश्यक हुन सक्छ; तर त्यसपछि वैकल्पिक समाधान नखोज्नु नागरिकलाई अनिश्चितकालीन प्रतीक्षामा राख्नु हो।

पिण्डालबारीको सडक र पुलको समस्या आफैंमा अन्तिम समस्या होइन। यसले अरू समस्यालाई जन्म दिन्छ। सडक नहुँदा विद्यार्थी विद्यालय जान कठिन हुन्छन्; कक्षा ८ पछि बाहिर पढ्नुपर्ने विद्यार्थीका लागि समस्या झन् बढ्छ। गर्भवती महिलाको नियमित स्वास्थ्य परीक्षण प्रभावित हुन्छ। सुत्केरी हुने बेला स्वास्थ्य संस्थासम्म पुग्ने समय र जोखिम बढ्छ। आकस्मिक बिरामीलाई तत्काल अस्पताल पुर्‍याउन कठिन हुन्छ।

कृषि उत्पादन बजारसम्म पुऱ्याउन सकिँदैन। सामाजिक तथा पारिवारिक कार्यक्रमहरूमा बाह्य आवागमन असहज हुन्छ। वर्षायाममा विद्युत् र सञ्चार सेवा अवरुद्ध हुँदा गाउँको बाह्य संसारसँगको सम्बन्ध झन् कमजोर हुन्छ।

यस अर्थमा पिण्डालबारीको "आवागमन तथा सञ्चार सम्पर्कको कमी" विकासको एउटा क्षेत्रगत समस्या होइन; यो मानव विकासको बाधक बनेको संरचनात्मक समस्या हो।

शिक्षाको अवस्था यसैको एउटा उदाहरण हो। गाउँमा आधारभूत विद्यालय हुनु सकारात्मक पक्ष हो। तर स्थानीयवासीले कक्षा ८ पछि थप अध्ययन गर्न बाहिर जानुपर्ने र आवतजावतको कठिनाइका कारण धेरै बालबालिका शिक्षाबाट बाहिरिनुपर्ने अवस्था रहेको छ। विद्यालयको शैक्षिक उपलब्धिसम्बन्धी उपलब्ध तथ्यांकले समेत थप गम्भीर अध्ययन आवश्यक देखाउँछ। यसले पिण्डालबारीको शैक्षिक समस्या विद्यालयभित्रको शिक्षण सिकाइमा मात्र सीमित नरहेको देखाउँछ। शैक्षिक गुणस्तर, भौगोलिक पहुँच, पारिवारिक आर्थिक अवस्था र माध्यमिक शिक्षामा संक्रमण यी चारवटै पक्षलाई एउटै समस्याको रूपमा हेर्नुपर्ने हुन्छ।

आधारभूत स्वास्थ्य संरचना हुनु र प्रभावकारी स्वास्थ्य सेवा उपलब्ध हुनु फरक कुरा हुन्। स्थानीयवासीले स्वास्थ्यकर्मी तथा औषधिको अभावबारे व्यक्त गरेको गुनासो र स्वास्थ्य संस्थासम्म पुग्ने कठिनाइलाई सँगै हेर्दा पिण्डालबारीमा स्वास्थ्य सेवाको availability, accessibility र emergency responsiveness तीनवटै पक्षमा प्रश्न उठ्छ। विशेषतः गर्भवती महिला, सुत्केरी, बालबालिका, वृद्धवृद्धा तथा आकस्मिक बिरामीका लागि यो अवस्था गम्भीर छ।

आर्थिक क्षेत्रमा पिण्डालबारीको समस्या उत्पादन कम हुनु भन्दा उत्पादनलाई मूल्यमा रूपान्तरण गर्न नसक्नु हो। स्थानीय किसानले उत्पादन गर्छन्, तर बजारसम्म पुग्ने सडक कमजोर हुँदा नजिकको सीमापार बजारतर्फ निर्भर हुनुपर्ने अवस्था आएको स्थानीयवासीको भनाइ छ। यस्तो अवस्थामा किसानको बजारमा मोलतोल गर्ने क्षमता कमजोर हुन्छ। उत्पादनको मूल्य निर्धारणमा किसानको भूमिका घट्छ र भुक्तानी ढिलो हुने वा रकम लामो समयसम्म रोकिइरहने समस्या भए किसानको आर्थिक जोखिम अझ बढ्छ। त्यसैले पिण्डालबारीमा कृषि विकासका लागि मल, बीउ वा अनुदान मात्र होइन, सडक, बजार, संकलन, भण्डारण, ढुवानी र सुरक्षित भुक्तानी प्रणाली आवश्यक हुन्छ।

विद्युत् र सञ्चारसम्बन्धी समस्या पनि केवल सुविधा अभावको विषय होइन। वर्षायाममा लामो समय विद्युत् अवरुद्ध हुँदा मोबाइल चार्ज गर्नसमेत भारततर्फ जानुपर्ने अवस्था आएको स्थानीयवासीको अनुभवले पिण्डालबारीको भौगोलिक निर्भरता कति गहिरो छ भन्ने देखाउँछ। आजको प्रशासनिक प्रणालीमा मोबाइल फोन र इन्टरनेट शिक्षा, बैंकिङ, सरकारी सेवा, सूचना, आपत्कालीन सम्पर्क र आर्थिक गतिविधिसँग जोडिएका छन्। त्यसैले लामो विद्युत् अवरोधले गाउँलाई थप प्रशासनिक र डिजिटल रूपमा अलग्याउँछ।

स्थानीयवासीले संघ, प्रदेश र स्थानीय सरकारबाट आफूहरूको समस्या पर्याप्त गम्भीरतापूर्वक सम्बोधन नभएको अनुभूति व्यक्त गरेका छन्। यसलाई केवल राजनीतिक गुनासोका रूपमा बुझ्नु उचित हुँदैन। नागरिकले

सरकारको मूल्यांकन मुख्यतः उसले भोगेको सेवाबाट गर्छ। जब एउटा नागरिकले पुलका लागि वर्षौं कुर्नुपर्छ, बिरामीलाई समयमै अस्पताल पुऱ्याउन सक्दैन, बालबालिकाको पढाइ रोकिन्छ, कृषि उत्पादनको उचित बजार पाउँदैन र सामान्य सञ्चारका लागि पनि छिमेकी मुलुकमा निर्भर हुनुपर्छ भने सरकारप्रतिको विश्वासमा असर पर्नु स्वाभाविक हुन्छ।

यसैले पिण्डालबारीमा देखिएको अवस्था राज्यविहीनता कानुनी अर्थमा होइन, राज्यको पहुँचको अनुभूतिमा देखिएको कमजोरी हो। यो भिन्नता बुझ्नु अत्यन्त आवश्यक छ। राज्य त्यहाँ छ; तर नागरिकको दैनिक जीवनमा राज्यको प्रभाव अपेक्षित स्तरमा देखिएको छैन।

सीमावर्ती भूगोलका कारण यो विषयको महत्व अझ बढ्छ। सीमा क्षेत्रमा बसोबास गर्ने नागरिक स्वयं राज्यको सामाजिक उपस्थिति कायम गर्ने आधार हुन्। सीमामा सुरक्षा निकाय राखेर मात्र सीमा सुरक्षित हुँदैन। सीमावर्ती बस्तीमा नागरिकले सम्मानजनक जीवनयापन गर्न सक्ने वातावरण, विद्यालय, स्वास्थ्य, सडक, विद्युत्, सञ्चार, बजार र प्रशासनिक पहुँच सुनिश्चित गर्नु पनि राष्ट्रिय हितकै विषय हो।

पिण्डालबारीका नागरिक कठिन परिस्थितिका बाबजुद आफ्नो गाउँमा बसिरहेका छन्। उनीहरूको निरन्तर बसोबासले नेपालको सीमावर्ती भूभागमा नेपाली नागरिकको सामाजिक उपस्थिति कायम राखेको छ। त्यसैले उनीहरूले राज्यबाट प्राप्त गर्नुपर्ने सेवा कुनै विशेष सुविधा होइन; यो उनीहरूको संवैधानिक अधिकार हो। सीमावर्ती नागरिकलाई सेवा उपलब्ध गराउनु उनीहरूमाथि गरिएको उपकार होइन, राज्यको दायित्व र राष्ट्रिय हितमा गरिएको लगानी हो।

पिण्डालबारीलाई केवल गरिबी, दुर्गमता वा पूर्वाधार अभावको तथ्यांकमा सीमित गरेर हेर्नु त्यसैले पर्याप्त हुँदैन। यो नेपालको संघीय शासन, स्थानीय सेवा प्रवाह, सार्वजनिक पूर्वाधार व्यवस्थापन, सीमावर्ती विकास, विपद् जोखिम, नागरिक-राज्य सम्बन्ध र राष्ट्रिय सुरक्षा यी सबैलाई एउटै ठाउँमा हेर्न सकिने महत्वपूर्ण case study हो।

अन्ततः पिण्डालबारीको विकासको पहिलो प्रश्न कति बजेट खर्च भयो? होइन; त्यो बजेटले नागरिकको जीवनमा कति परिवर्तन ल्यायो? भन्ने हुनुपर्छ। पुल बनेपछि खोला सुरक्षित रूपमा पार गर्न सकिन्छ कि सकिँदैन, सडक बनेपछि वर्षायाममा पनि बजारसम्म पुग्न सकिन्छ कि सकिँदैन, स्वास्थ्य चौकी भएपछि बिरामीले उपचार पाउँछ कि पाउँदैन, विद्यालय भएपछि विद्यार्थी कक्षा ८ पछि पनि पढ्न सक्छ कि सक्दैन? यिनै प्रश्नले विकासको वास्तविक परिणाम मापन गर्नुपर्छ।

पिण्डालबारीको स्थलगत अध्ययनबाट प्राप्त समग्र निष्कर्ष हो : पिण्डालबारीलाई नेपालको विकासको मूलधारमा जोड्नु केवल एउटा सीमावर्ती गाउँको विकास गर्नु होइन; यो नागरिकलाई राज्यसँग जोड्ने, सीमावर्ती भूभागमा सामाजिक उपस्थिति सुदृढ गर्ने र संघीय शासन प्रणालीले सबैभन्दा कठिन भूगोलमा पनि सेवा पुऱ्याउन सक्छ भन्ने प्रमाण स्थापित गर्नु हो।

# <u>कचनकवल गाँउपालिकाका विभिन्न स्थानका तस्विरहरु</u>




*तस्विरः कचनकवल गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, बनियानी, झापा*



# कचनकवल गाँउपालिकाका विभिन्न स्थानका तस्विरहरु

*तस्विरः २०८२ साल भदौमा भएको जेन्जी आन्दोलनमा आगजानी भएको प्रशासकिय भवन*



*तस्विरः वडा नं-१ को नव निर्मित भवन*




*तस्विरः वडा नं ६ को वडा कार्यालय भवन*

# <u>कचनकवल गाँउपालिकाका विभिन्न स्थानका तस्विरहरु</u>






तस्विरः कचनकवल आधारभुत अस्पताल परिसर र सर्पदंश उपचार कक्ष

# कचनकवल गाँउपालिकाका विभिन्न स्थानका तस्विरहरु





तस्विरः गाउँपालिका अध्यक्ष,र प्रमुख प्रशासकिय अधिकृतज्यू सँग छलफल हुदै

# कचनकवल गाँउपालिकाका विभिन्न स्थानका तस्विरहरु



तस्विरः प्रशासकिय अधिकृत र विभिन्न शाखा प्रमुखज्यूहरु सँग छलफल हुदै



तस्विरः वडा नं १ स्थित पिण्डालबारीलाई वडा कार्यालयसँग जोड्ने बिरिङ नदीमा बन्दै गरेको पुलको अधुरो कार्य

# कचनकवल गाँउपालिकाका विभिन्न स्थानका तस्विरहरु





*तस्विरः वडा नं १ स्थित पिण्डालबारी जाने क्रममा बिरिङ नदी पार गर्दै PCMD ३ सहभागी*

# कचनकवल गाँउपालिकाका विभिन्न स्थानका तस्विरहरु





*तस्विरः वडा नं १ स्थित पिण्डालबारी जाने क्रममा बिरिङ नदी पार गर्दै PCMD ३ सहभागी क्रमश..*

# कचनकवल गाँउपालिकाका विभिन्न स्थानका तस्विरहरु





तस्विरः वडा नं १ स्थित पिण्डालबारी जाने क्रममा बिरिङ नदी पार गर्दै PCMD ३ सहभागी क्रमश..

# <u>कचनकवल गाँउपालिकाका विभिन्न स्थानका तस्विरहरु</u>







*तस्विरः पिण्डालबारी स्थित श्री नवदुर्गा आधारभूत विद्यालय अवलोकनका क्रममा*

# कचनकवल गाँउपालिकाका विभिन्न स्थानका तस्विरहरु






तस्विर: पिण्डालबारी स्थित श्री नवदुर्गा आधारभूत विद्यालय परिसर, चर्पी र बाल कक्षा

# कचनकवल गाँउपालिकाका विभिन्न स्थानका तस्विरहरु






तस्विरः पिण्डालबारी स्थित आधारभुत स्वास्थ्य सेवा केन्द्र परिसर र पहुँच सडक

# <u>कचनकवल गाँउपालिकाका विभिन्न स्थानका तस्विरहरु</u>





तस्विरः पिण्डालबारी स्थित प्रहरी चौकी र स्थानीय पहुँच सडक

# कचनकवल गाँउपालिकाका विभिन्न स्थानका तस्विरहरु





तस्विरः पिण्डालबारी स्थित विभिन्न गल्लीहरुका स्थानीय पहुँच सडक

# कचनकवल गाँउपालिकाका विभिन्न स्थानका तस्विरहरु



तस्विरः पिण्डालबारी स्थित विभिन्न गल्लीहरुका स्थानीय पहुँच सडक



तस्विरः पिण्डालबारी सँग सिमाना जोडिएको भारतीय सीमाभित्र रहेको सडक

# कचनकवल गाँउपालिकाका विभिन्न स्थानका तस्विरहरु




तस्विरः दक्षिण तर्फको नेपाल भारत सीमास्तम्भ नं १२८ को अवलोकनका क्रममा



तस्विरः नेपालकै होचो भू-भाग मानिएको कचनकवलमा रहेको स्तम्भको अवलोकन

# *कचनकवल गाँउपालिकाका विभिन्न स्थानका तस्विरहरु*

**अनुसूची २ : चित्रहरुको सुची**

चित्र २.१: कचनकचल गाउँपालिकाको नक्सा

चित्र २.३: कचनकचल गाउँपालिका, गाउँ कार्यपालिकाको संगठन संरचना

# *कचनकवल गाँउपालिकाका विभिन्न स्थानका तस्विरहरु*

**अनुसूची २ : तालिकाहरुको सुची**

तालिका २.३.१ : कचनकवल गाँउपालिका गाउँकार्यपालिकाको नेपाल सरकारबाट स्वीकृत दरवन्दी विवरण

तालिका २.३.२ : कचनकवल गाँउपालिका, गाउँकार्यपालिकाको कार्यालय अन्तर्गत कृषि तथा पशु सेवा र स्वास्थ्य चौकीको  नेपाल सरकारबाट स्वीकृत दरवन्दी विवरण

तालिका ३.३ Urgent- Important Matrix

# कचनकवल गाँउपालिकाका विभिन्न स्थानका तस्विरहरु

**अनुसूची ३ : अन्तर्क्रिया गरिएका जनप्रतिनिधि, कर्मचारी तथा स्थानीय बासिन्दाहरुको नामावली**

श्री कालेन्द्र कुमार सिंह राजवंशी, अध्यक्ष, कचनकवल गाउँपालिका, झापा

श्री नवराज भट्टराई, उपाध्यक्ष, कचनकवल गाउँपालिका, झापा

श्री उमाशंकर गणेश, कार्यपालिका सदस्य

श्री स्काई पोखेल, प्रमुख प्रशासकीय अधिकृत, कचनकवल गाउँपालिका, झापा

श्री जागेश्वर प्रसाद यादव स्वास्थ्य संयोजक

श्री मनिता वराल शिक्षा शाखा प्रमुख

डा. अमृत पाण्डे पशु शाखा

श्री उमेश मिश्र, सदस्य, न्यायिक समिति,

श्री मेनुका घिमिरे, प्रमुख, महिला तथा बालबालिका

श्री सर्जना शर्मा रोजगार संयोजक

श्री केशव मैनाली योजना शाखा प्रमुख

श्री प्रभाकर आचार्य आ.ले.प. शाखा प्रमुख

श्री पञ्चानन् राजवंशी राजस्व शाखा प्रमुख

डा. दिपेन्द्र राजवंशी अस्पताल प्रमुख

श्री कनक प्र. सिंह स्थानीय, कचनकवल ६, पिण्डालबारी, झापा

श्री सुशिला राजवंशी स्थानीय, कचनकवल १, पिण्डालबारी, झापा

# *कचनकवल गाँउपालिकाका विभिन्न स्थानका तस्विरहरु*

श्री  शान्ति राजवंशी स्थानीय, कचनकवल १, पिण्डालबारी, झापा

श्री  संगिता राजवंशी स्थानीय, कचनकवल १, पिण्डालबारी, झापा

श्री रोहन मंडल कचनकवल १, पिण्डालबारी, झापा

श्री सिद्धी राजवंशी कचनकवल १, पिण्डालबारी, झापा